म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २३२ बुधबार, २५ चैत २०८२ ने. सं. ११४६ चौलागा 8 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## खोलानदीकिनारमा सवारीसाधन धुन निषेध

हेटौंडा, २४ चैत/नगरलाई स्वच्छ, सफा र सुन्दर बनाउने अभियानअन्तर्गत हेटौंडा उपमहानगरपालिकाले खोला तथा नदीकिनारमा सवारीसाधन धुन निषेध गरेको छ । पालिकाले सूचना जारी गर्दै आफ्नो क्षेत्रभित्र पर्ने राप्तीखोला, कर्राखोला लगायतका अन्य जलाधार क्षेत्रमा सवारीसाधन नधुन निर्देशन दिएको हो । खोला तथा नदी प्राकृतिक सम्पदाका साथै जनस्वास्थ्यका दृष्टिले अत्यन्त संवेदनशील भएकाले यसक्षेत्रमा सवारीसाधन नधुन आग्रह गरिएको छ । पछिल्लो समय टिपर, ट्र्याक्टर, बस, सुमो तथा मोटरसाइकलजस्ता सवारीसाधन अनधिकृतरुपमा खोलाकिनारमा धुने प्रवृत्ति बढ्दै गएको जनाउँदै पालिकाले यस्तो कार्य रोक्न सूचना जारी गरेको हो । सवारीसाधन धुँदा निस्कने मोबिल, ग्रिज र डिटरजेन्टजस्ता हानिकारक पदार्थ सीधै खोलामा मिसिँदा जलप्रदूषण बढ्नुका साथै जलचरप्राणी र वातावरणमा गम्भीर असर पर्ने बताइएको छ । सूचना जारी भएको मितिदेखि लागू हुनेगरी हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रका कुनैपनि खोला वा नदी किनारमा सवारीसाधन धुन पूर्णरुपमा निषेध गरिएको छ । उल्लंघन गर्नेहरुलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४, फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र वातावरण संरक्षण ऐन अनुसार कारबाही गरिने चेतावनी दिइएको छ ।

### दलका शीर्ष नेताहरुले गरे सम्बोधन

## जेनजी आन्दोलनपछि पहिलो प्रदेशसभा

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ बागमती प्रदेशसभाको बैठक मंगलबार हेटौंडामा बसेको छ । जेनजी आन्दोलनपछि पहिलो पटक बैठक डाकीएको हो ।

जेनजी आन्दोलनमा प्रदेशसभाको नयाँ र पुरानो दुबै भवन जलेको थियो । हेटौंडा उपमहानगरको भवनमा बैठक राखीएको हो । प्रदेशसभाको बैठकमा दलका नेताहरुले सम्बोधन गरे । सम्बोधनको क्रममा मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले प्रदेश सचिवहरुलाई छोटोछोटो समयमा सरुवा गरेकोप्रति असन्तुष्टि व्यक्त गरे । प्रधानमन्त्री बालेन्द्र शाहतर्फ इंगित गर्दै मुख्यमन्त्री बानियाँले वर्तमान प्रधानमन्त्री आफैँले विगतमा स्थानीय तह (मेयर) को नेतृत्व गर्दा प्रशासनिक झमेला र अधिकारको अभाव भोग्नुभएको स्मरण गर्दै प्रदेशको पीडालाई नजिकबाट बुझ्ने बताए ।

मुख्यमन्त्री बानियाँले संघीय सरकारले प्रदेशका प्रमुख सचिव र सचिवहरुको पदस्थापन गर्दा कम्तिमा दुई वर्षको कार्यकाल सुनिश्चित गरिदिने र प्रदेश सरकारसँग समन्वय गर्न आग्रह गरे । समन्वय, सहकार्य र सहअस्तित्व नै गणतन्त्रको मर्म भएकाले प्रदेश सरकार संघीय सरकारसँग काँधमा काँध मिलाएर संघीयतालाई बलियो बनाउन र जनताका आकांक्षा पूरा गर्न तयार हुनुपर्ने उनले बताए । मुख्यमन्त्री बानियाँले वर्तमान संघीय सरकार संघीयताप्रति पूर्णप्रतिबद्ध रहेको र प्रदेशले पाउनुपर्ने संवैधानिक अधिकार अब छिट्टै प्राप्त हुने बताए । उनले संघीय सरकार र प्रधानमन्त्रीको सकारात्मक सोचका कारण प्रदेश सरकार अब अधिकार सम्पन्न हुने बताए ।

मुख्यमन्त्री बानियाँले संविधानले प्रदत्त गरेका तर, अहिलेसम्म प्रदेशले पूर्णरुपमा प्रयोग गर्न नपाएका अधिकार अब 'फास्ट ट्र्याक' मा प्राप्त हुने अपेक्षा व्यक्त गरे । 'संघीयता र समावेशी व्यवस्थाको स्थायित्वका लागि वर्तमान संघीय सरकार प्रतिबद्ध छ । हिजोका विभिन्न आन्दोलन र उतारचढावपछि बनेको यो सरकारले सुशासन र पारदर्शितालाई प्राथमिकतामा राखेकाले अब प्रदेशका अधिकार केन्द्रमा रोकिने छैनन्' उनले भने, 'सम्माननीय प्रधानमन्त्रीज्यूले हिजो मेयर हुँदा भोग्नुभएको अप्ठ्यारो र विडम्बना हामीले सुनेका छौं । त्यसैले उहाँले अहिलेको संघीयताको मर्म र सातवटै प्रदेशले भोगिरहेको कर्मचारी तथा प्रशासनिक समस्यालाई बुझेर छिट्टै समाधान गर्नुहुनेछ भन्ने हाम्रो विश्वास छ ।'

वर्तमान सरकार भ्रष्टाचारमुक्त र जनमुखी काम गर्न दृढ संकल्पित रहेको बताउँदै संघीय सरकारको सहयोगमा प्रदेशको विकास र अधिकार प्राप्तिको यात्राले अब गति लिने मुख्यमन्त्री बानियाँले बताए । प्रमुख प्रतिपक्षी दलका नेता एवम् पूर्वमुख्यमन्त्री शालिकराम जम्कट्टेलले सरकारले संसद्बाट पारित भएको बजेटमा 'कैँची' चलाएर विधिको शासन उल्लङ्घन गरेको बताए । उनले सरकारले रातो किताबमा परेका योजनाको बजेट कटौती गरेर कार्यकर्तामुखी योजनामा रकमान्तर गरेको भन्दै आपत्ति व्यक्त गरे ।



नेता जम्कट्टेलले जेनजी पुस्ताले उठाएका मुद्दा र आन्दोलनले सुशासनको माग गरिरहेको बेला सरकार भने कुशासनको बाटोमा लागेको बताए । सरकारले ल्याएको बहुवर्षीय ठेक्का मापदण्ड र विकासका कार्यक्रमको बजेट कटौतीको गरेको उनले बताए । सरकारले चालुतर्फ २ अर्ब ३१ करोड र पुँजीगततर्फ ५ अर्ब २८ करोड गरी कुल ७ अर्ब ५९ करोड रुपैयाँ विनियोजित बजेटबाट कटौती गरेको उनको भनाई छ । 'जनताले सुशासन चाहेका छन् । तर, सरकार आफैँले सुशासन बिगारेर कुशासनको बाटो रोजेको छ । विगतको समीक्षा गरेर अघि बढ्नुपर्नेमा सरकार उल्टो बाटोमा हिँडिरहेको छ ।'

उनले भने, 'असार १ गते संसद्मा पेस गरेर पास भएको बजेट कार्यान्वयन गर्न उपभोक्ता जाँदा बजेट जिरो छ । यो कस्तो शासन हो ? बजेट बनाउने र कार्यक्रम पास गर्ने पहिलो अधिकार संसद्को हो । क्याबिनेटले धमाधम बहुवर्षीय योजना निर्णय गर्दै जाने यो गलत बाटो हो ।' नेता शालिकराम जम्कट्टेलले सरकारले विधि र प्रक्रिया मिचेर काम गर्दा प्रदेशको प्रशासनिक संयन्त्र नै भताभुङ्ग हुने बताए । उनकाअनुसार प्रतिपक्ष दल जिम्मेवार रहेको र सरकारलाई सघाउन तयार रहेको बताए ।

प्रदेशका पूर्वमुख्यमन्त्री बहादुरसिंह लामाले विधिको शासनलाई सर्वोपरि राखेर अघि बढ्न सरकारलाई सुझाव दिएका छन् । कानुन र विधिको पालना नभएसम्म सुशासन सम्भव नहुने उनले बताए । पूर्वमुख्यमन्त्री लामाले कर्मचारी प्रशासनमा देखिएको अस्थिरताप्रति चिन्ता व्यक्त गरे । संसद्को सर्वोच्चताको मुद्दा उठाउँदै क्याबिनेटले संसद्लाई बाइपास गर्न नहुने उनले बताए । 'कर्मचारीको छिटोछिटो सरुवा हुँदा काम गर्ने वातावरण बिग्रन्छ । कमसेकम प्रमुखसचिवलाई एक वर्षसम्म नचलाईकन राख्ने व्यवस्था मिलाउन संघीय सरकारसँग समन्वय गर्नुपर्छ' उनले भने, 'संसद्ले पास गरेको बजेट र योजनालाई क्याबिनेटले काट्ने वा हेरफेर गर्ने परिपाटी गलत हो । संसद्ले जे पास गरेको छ, त्यसैलाई आधार मानेर सरकार चल्नुपर्छ । संसद्लाई बाइपास गर्नुहुँदैन ।'

उनले बढ्दो महँगी र पेट्रोलियमपदार्थको मूल्यवृद्धिको विषयमा सरकारको ध्यानाकर्षण गराए । पूर्वमुख्यमन्त्री लामाले अन्तर्राष्ट्रिय परिस्थितिका कारण मूल्य बढेपनि संघीय सरकारले मूल्य नियन्त्रणमा विशेष पहल गर्नुपर्नेमा जोड दिए । उनले प्रविधिको प्रयोग र ईबिडिङलाई प्रभावकारी बनाएर भ्रष्टाचार न्यूनीकरण गर्न सकिने बताए । उनकाअनुसार ठुला लगानी भएका आयोजनालाई कानुन बनाएर थप व्यवस्थित गर्नुपर्ने र धेरै डाक्टर तथा इन्जिनियर उत्पादन गर्ने गरी शैक्षिकक्षेत्रमा लगानी बढाउनुपर्ने हुन्छ । पूर्वमुख्यमन्त्री लामाले जनप्रतिनिधि आफैं सुध्रिएमात्र समाज र व्यवस्था सुध्रने भन्दै सबैलाई इमानदारीपूर्वक काम गर्न आग्रह गरे ।

नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले वर्तमान संघीय सरकार अधिनायकवादी बाटोमा हिँडेको र राजनीतिक प्रतिशोधमा उत्रिएको आरोप लगाए । नेता थपलियाले सरकारका पछिल्ला गतिविधि लोकतान्त्रिक मूल्य र मान्यताविपरीत रहेको बताए । नेता थपलियाले पूर्वप्रधानमन्त्री एवम् एमाले अध्यक्ष केपी शर्माओली र पूर्वगृहमन्त्री रमेश लेखकमाथि सरकारले बिना अनुसन्धान प्रतिशोधपूर्ण ढंगले कारबाही अघि बढाएकोमा आपत्ति जनाए ।

सम्मानित सर्वोच्च अदालतले दिएको आदेशको स्वागत गर्दै नेताको शीघ्र रिहाइको माग गरे । सरकारको कार्यशैलीमाथि प्रश्न उठाउँदै थपलियाले शैक्षिक परामर्श केन्द्र बन्द गर्ने र फेरि खोल्ने जस्ता निर्णयले सरकारको अपरिपक्वता र अस्थिरता छताछुल्ल भएको बताए । कार्यालय समय ९ बजे बनाउने र आइतबार बिदा दिने निर्णय व्यवहारिक पक्ष नहेरी हचुवाका भरमा गरिएको उनको भनाइ छ । 'अध्यक्ष ओली र नेता लेखकलाई पक्राउ गरी हिरासतमा राख्ने कार्य निन्दनीय र आपत्तिजनक छ । यो सरकारको अधिनायकवादी प्रवृत्ति र असंवेदनशीलताको प्रत्यक्ष उदाहरण हो,' उनले भने ।

उनले लिपुलेक, कालापानी र लिम्पियाधुराको विषयमा सरकारको मौनताप्रति प्रश्न गरे । वैदेशिक ऋण नलिने प्रतिबद्धता जनाएर अहिले सहुलियत ऋण स्वीकार्नु जनतालाई ठग्नु मात्र भएको उनले बताए । उनले परिणाममुखी कार्यसम्पादनका लागि सरकारलाई सुझाव दिए । राप्रपा बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले बढ्दो महँगी र आर्थिक संकटबारे सरकारलाई मौन रहेको भन्दै आक्रोश व्यक्त गरे । उनले पद अस्थायी हुने र कानुनमात्र स्थायी हुने भन्दै सरकारलाई घमण्ड त्याग्न आग्रह गरे । प्रदेश सरकारले संसद्बाट पारित भएका १ हजार ६७१ वटा योजनामा 'कैँची' चलाएको भन्दै नेता थापाले असन्तुष्टि व्यक्त गरे ।

'मैले यही रोष्टमबाट चुनौती दिएको थिएँ, सामाजिक सञ्जाल बन्द गरेर जनताको आवाज थुन्न सकिँदैन । सरकारले १९ गते बन्द गऱ्यो तर, २३ गते खोल्न बाध्य भयो । जनता जनार्दन हुन् । उनीहरुलाई कहिल्यै कम नआँक्नुस् ।' उनले भने, '७२ रुपैयाँको पेट्रोल २०२ पुग्यो, ११० को केरा २८० पुग्यो । सरकार के हेरेर बसेको छ ? मध्यपूर्वको लडाइँले नेपाली दाजुभाइ जोखिममा छन्, रेमिट्यान्स घटेको छ । यस्तो बेला सरकार जम्बो मन्त्रिमण्डल बनाएर रमाउन मिल्छ ? संसद्ले अपनत्व लिएका योजनालाई एउटा मन्त्रीले काट्न मिल्छ ? यदि योजना कार्यान्वयन गर्न सकिँदैन भने सदनमा आएर जवाफ दिनुपर्छ । हामीलाई पटकपटक झुटो बोल्ने बनाइयो, जनतासँग हामीले के मुख देखाउने ?'

उनले विधिको शासन र संविधानको सर्वोच्चता कायम गर्न सरकारलाई गम्भीर हुन आग्रह गर्दै राप्रपा जनताको पक्षमा जुनसुकै त्याग गर्न तयार रहेको बताए । नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का बागमती प्रदेश संसदीय दलका नेता सुरेन्द्रराज गोसाईले नेपालको इतिहासमै यतिबेला वैदेशिक हस्तक्षेप चरमबिन्दुमा पुगेको बताएका छन् । उनले विदेशीशक्तिले प्रत्यक्षरुपमा नेपालको आन्तरिक मामिलामा हात हाल्दा पनि सरकार मूकदर्शक बनेको आरोप लगाए । नेता गोसाईले सरकारको आर्थिक नीतिको आलोचना गर्दै सरकारले देश र नागरिकलाई आत्मनिर्भर बनाउनु पर्ने बताए ।

साम्राज्यवादी शक्तिले प्राकृतिक स्रोत भएका देशमा कसरी हस्तक्षेप गर्छन् भन्नेतर्फ सचेत हुनुपर्ने उनको भनाई छ । आत्मनिर्भरताको बाटो नहिँडेसम्म नेपाल र नेपाली जनताको अवस्था नसुध्रिने उनले दाबी गरे । नेता गोसाईका अनुसार बागमती सरकार अत्यन्तै सुस्त र निष्प्रभावी भएको बताए । 'अमेरिकी दूतावासले नेपालका युवाका लागि सीधै आवेदन माग्नु के सामान्य कुरा हो ? देशमा विदेशी हस्तक्षेप कुन तहमा पुगेको छ भन्ने यसैले पुष्टि गर्छ । हामीले एमसीसी र एसपीपी जस्ता सम्झौताको विरोध गर्दै आएका थियौं । अहिलेको परिस्थिति त्यसैको सिलसिला हो कि भन्ने हाम्रो ठम्याइ छ ।' उनले भने, 'हिजो सरकारमा जानुअघि वैदेशिक ऋण लिँदैनौं, आत्मनिर्भर बन्छौं भन्नेहरुले आज दुईदिनमै ३७ अर्ब वैदेशिक ऋण स्वीकार गरेका छन् । यो नेपाली जनतालाई ऋणको पासोमा डुबाउने खेल मात्र हो ।'

जेनजी आन्दोलनका क्रममा तत्कालीन सभामुख भुवन कुमार पाठकले पदबाट राजीनामाको घोषणा गरेका थिए भने असोज १ गते नै राजीनामापत्र सदनमा पठाएका थिए । सो समयमा सदन चल्न नसकेका कारण औपचारिकरुपमा पेश हुन सकेको थिएन । सरकारले सदन नचलाई अधिवेशन अन्त्य गरेपछि उपसभामुख अप्सरा चापागाईंले मंसिर ४ मा सभामुखको राजीनामाबारेमा जानकारी गराउन सूचना जारी गरेकी थिइन् ।

## मकवानपुरमा अधिकांश निजी स्वास्थ्य संस्था मापदण्डविपरीत



साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ मकवानपुरमा सञ्चालनमा रहेका अधिकांश निजी स्वास्थ्य संस्था मापदण्डविपरीत सञ्चालन भइरहेको पाइएको छ ।

जिल्लाका विभिन्न अस्पताल, पोलिक्लिनिक र फार्मेसीको अनुगमन गर्दा मापदण्डविपरित सञ्चालनमा रहेको पाइएको हो । जिल्लामा सञ्चालीत सन्चो अस्पताल नवीकरण नै नभई सञ्चालन भइरहेको छ । नवीकरणको प्रक्रिया अघि बढाएपनि अस्पताल नबीकरण भएको छैन । इमर्जेन्सीमा आवश्यक पर्ने एकसय ४५ प्रकारका औषधि हुनुपर्नेमा १०-१२ मात्रै उपलब्ध रहेको पाइएको छ । अस्पतालमा १० प्रतिशत नि:शुल्क उपचार गर्नुपर्ने शैया समेत राखिएको छैन । यहाँ सामाजिक सेवा इकाइ समेत राखीएको छैन ।

अति विपन्न तथा बेवारिसे बिरामीका लागि नि:शुल्क सेवा दिनुपर्ने कानूनी ब्यवस्थालाई पूर्णतया वेवास्ता गरिएको छ । यस्तै म्याद नाघेका औषधि छुट्याएर व्यवस्थापन नगरेको पाइएको छ । २५ शैयाको अनुमति पाएको मकवानपुर सहकारी अस्पतालले अनुमति भन्दा बढी शैया सञ्चालन गरेको भेटिएको हो । अनुगमनका क्रममा अस्पतालले १० प्रतिशत नि:शुल्क शैयाको व्यवस्था नगरेको, सामान्य वार्डमा पुरुष-महिला छुट्याएर सेवा नदिएको तथा पर्याप्त जनशक्तिको अभाव रहेको अनुगमनमा देखिएको छ ।

यस्तै अस्पतालले तोकिएको भन्दा कम पारिश्रमिकमा कर्मचारी राखिएको अस्पताल परिसरमा अन्य व्यक्तिले फार्मेसी सञ्चालन गरिएको पाइएको हो । अस्पतालले आवश्यक मापदण्ड पूरा नगरेको भन्दै पहिलो चरणमा सचेत गराइएको छ । मकवानपुर पोलिक्लिनिकमा अनुमति लिँदा दिने भनिएका सेवा उपलब्ध नगराइएको, नागरिक बडापत्र राखिएको छैन । यस्तै सिटी अस्पतालले फार्मेसिस्ट विना फार्मेसी सञ्चालन गरिएको भन्दै बन्द गर्न निर्देशन दिइएको छ । मकवानपुरमा सञ्चालित अस्पताललाई एक हप्ताभित्र आवश्यक मापदण्ड पूरा गर्न निर्देशन दिइएको छ ।

रामजानकी मेडिकल हलले एलोपेथिक औषधिमात्र बिक्री गर्न अनुमति भएपनि आयुर्वेदिक औषधि समेत बिक्री गरेको पाइएको छ । आयूर्वेदीक औषधि र कस्मेटिकजन्य वस्तुहरु फार्मेशीबाट हटाउन लगाइएको छ । अनुगमन टोलीमा स्वास्थ्य मन्त्रालयका जनस्वास्थ्य प्रशासक किरण श्रेष्ठ, औषधि व्यवस्था विभागका रबि चौधरीथारु, जिल्ला जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत सूर्यप्रसाद तिवारी, जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत आशाबहादुर लामा लगायत कर्मचारी सहभागी थिए ।






## होचा पुड्का महिलाको नाटक 'उत्सर्ग' पोखरा र हेटौंडामा देखाइने

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/नेपाल होचा पुड्का संघको प्रस्तुति र स्थानीय निकायको सहकार्यमा तयार पारिएको जनचेतनामूलक नाटक 'उत्सर्ग' प्रदर्शनमा आएको छ ।

समाजमा होचा पुड्का व्यक्तिहरु, विशेषगरी महिलाप्रति रहेका भ्रम र डरलाई चिर्दै सचेतना फैलाउने उद्देश्यले यो नाटक तयार पारिएको हो । नाटकले होचा पुड्का महिला आमा बन्न सक्छन् वा सक्दैनन् भन्ने सामाजिक जिज्ञासा र भ्रमलाई मुख्य विषयवस्तु बनाएको छ । यसका साथै प्रजनन स्वास्थ्य, परिवार नियोजन र महिला अधिकारका सवाललाई नाटकमार्फत उजागर गर्ने प्रयास गरिएको आयोजकले जनाएको छ । राजु खतिवडाको लेखन रहेको यस नाटकलाई चर्चित रंगकर्मी तथा अभिनेता जेबी डिसीले निर्देशन गरेका हुन् ।



लामो समयदेखि रंगमञ्च र चलचित्र क्षेत्रमा सफल अभिनेताको रुपमा स्थापित डिसीले विगत धेरै वर्षदेखि होचा पुड्का संघसँगको सहकार्यमा सामाजिक मुद्दामा आधारित नाटक निर्देशन गर्दै आएका छन् । नाटकमा निश्चल श्रेष्ठ, अनिता थापा, सरु दाहाल, राजेन्द्र गिरि, रिया घिमिरे, सूर्या खान, लालुमाया पाख्रिन र निशल दुलालगायत कलाकारको अभिनय रहेको छ । कलाकारले अभिनयमार्फत समाजको संवेदनशील विषयलाई मञ्चमा उतारेका छन् । काठमाडौँका विभिन्न स्थानमा मञ्चन भएको नाटक छिट्टै नै उपत्यका बाहिर पोखरा र हेटौंडाका विभिन्न स्थानमा प्रदर्शन गरिने आयोजकले जानकारी दिएको छ ।

समाजका ओझेलमा परेका र संवेदनशील विषयवस्तुलाई समेटेर तयार पारिएको यो नाटकले दर्शकलाई मनोरञ्जनका साथै महत्वपूर्ण शिक्षा र सन्देश दिने विश्वास लिइएको निर्देशक डिसीले बताए ।

साझाकुरा

## हाम्रो कुरा

# द्रुतमार्गको द्रुतगति

काठमाडौंलाई मध्यतराईसँग द्रुतगतिमा जोड्ने योजनासहित बनिरहेको द्रुतमार्गमा द्रुतगतिमा काम भइरहेको छ । फास्ट ट्र्याकमा बनिरहेका अग्ला पुल यतिबेला बिभिन्न सामाजिक संजालमा भाइरल बनिरहेका छन् । राष्ट्रिय गौरवको आयोजना काठमाडौं तराई-मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) को ७१ किमि खण्डमा झण्डै एकतिहाई (३३.६२ प्रतिशत) खण्डमा सुरुङ र पुल निर्माण भइरहेका छन् । फास्ट ट्र्याकमा सुरुङ र पुलको कुल लम्बाइ २३.८६४ किलोमिटर रहेको छ । कुल १०.९७९ किमि लम्बाइका ७ वटा सुरुङ र १२.८८५ किमि लम्बाइका ८९ वटा पुल निर्माण भइरहेका छन् । फास्ट ट्र्याकको कुल लम्बाइमा पुलको मात्रै हिस्सा १८.१५ प्रतिशत रहेको छ । औसतमा हरेक ७९७ मिटरमा एउटा पुल बनिरहेको छ । यस सडकमा विदेशका जस्तै आकर्षक र आधुनिक पुल निर्माण भइरहेका हुन् । फास्ट ट्र्याकमा ठूला नदी नभएपनि अग्ला डाँडा र गहिरो खोँच रहेकाले दूरी छोट्याउन अग्ला पुल निर्माण गरिएको हो । यो सडक अन्तर्राष्ट्रिय मापदण्डअनुसारको एक्सप्रेस 'वे' हो । त्यसैले द्रुतगतिमा सवारी चलाउन मिल्ने गरी घुमाउरो र गहिरो ठाउँमा अग्ला र लामा आधुनिक पुल निर्माण भइरहेको हो । सबै पुलको ठेक्का लागेर धमाधम काम भइरहेको छ । फास्ट ट्र्याकमा ८९ वटा पुल निर्माण भइरहेका छन् । ८५ वटाको पहिला नै ठेक्का लगाइएको थियो । ४ वटा चालु आवमा ठेक्का लगाइ अहिले काम सुरु भइसकेको छ ।

८९ पुलमध्ये हालसम्म ९ वटा निर्माण सम्पन्न भइसकेका छन् । चालु आवमा ठेक्का लगाइएका ४ बाहेक अरु अधिकांश पुलको फाउन्डेसनको काम सकेर सुपरस्ट्रक्चरको काम भइरहेको छ । यसवर्ष ठेक्का लगाइएका चार बाहेक अधिकांश पुलको फाउन्डेसनको काम सकिएको छ । पिलर ठड्याइसकिएको छ । सुपरस्ट्रक्चरको काम धमाधम भइरहेको छ । फास्ट ट्र्याकमा निर्माण हुने अग्ला पुलले सडकको दूरी र यात्रा अवधि छोट्याउनुका साथै, पहिरोको जोखिम कम गरी वातावरणीय क्षति घटाउने छ । चार लेनको फास्ट ट्र्याकको पहाडीक्षेत्रको हरेक स्थानमा समानान्तर पुल निर्माण भइरहेका छन् । अधिकांश ठाउँमा जाने र आउने सवारीका लागि छुट्टाछुट्टै २/२ लेनको पुल निर्माण गरिएको हो । फास्ट ट्र्याकमा निर्माण भइरहेकका पुल १०० वर्षभन्दा धेरै टिक्ने गरी बनाइएको छ । फास्ट ट्र्याक काठमाडौं, ललितपुर मकवानपुर र बारा गरी चार जिल्लामा पर्दछ । जसमा मकवानपुरखण्डको भूवनोट अग्ला पहाड र गहिरो खोँच रहेको छ । अधिकांश अग्ला पुल मकवापुरखण्डमै निर्माण भइरहेको हो । मकवानपुरको बकैया र भीमफेदी गाउँपालिकाको विभिन्न ठाउँमा ४० मिटर अग्ला १० वटा पुल निर्माण भइरहेका छन् । बकैया गाउँपालिका-११ लेनडाँडामा फास्ट ट्र्याककै अग्लो पुल निर्माण अन्तिमचरणमा पुगेको छ । धेद्रे र लेनडाँडा सुरुङलाई जोड्न जीतपुर खोलामाथि ८२ मिटर अग्लो पुल अन्तिमचरणमा पुगेको हो । यो पुल २४५ मिटर लामो छ । यो पुलको उचाइ झण्डै धरहराको जत्ति नै हो । धरहराको जमिनदेखि गजुरसम्मको उचाइ ८३.८५ मिटर अग्लो छ ।

यो पुलको सुपरस्ट्रक्चर काम लगभग सकिन लागेको छ । अहिले रेलिङ राख्ने काम भइरहेको छ । मकवानपुरको भीमफेदी गाउँपालिका-महादेवटारमा ६८ मिटर अग्लो ४०४ मिटर लामो र ४१ मिटर अग्लो ४३० मिटर लामो पुल निर्माण भइरहेको छ । यी दुवै पुलको सुपरस्ट्रक्चरको काम सकेर पियरको निर्माण भइहरेको छ । धेद्रे सुरुङतर्फ जाने चालिसे खोलामाथि निर्माण गरिएका दुवै पुल सम्पन्न भइसकेका छन् । बकैया गाउँपालिका-११ लेनडाँडामै ५४.१५ र ४३.५ मिटर अग्लो पुल निर्माण सम्पन्न भइसकेको छ । यी पुलको लम्बाइ क्रमश: ३३३ मिटर र २७० मिटर छ । बकैया गाउँपालिका-२ सरस्वतीगाउँमा ४१ मिटर अग्लो ४२५ मिटर लामो पुल निर्माणाधीन छ । यसको डेक स्ल्याव निर्माण भइरहेको छ । सोही ठाउँमा २५० मिटर लामो ४२ मिटर अग्लो पुल निर्माण भइरहेको छ । यसको पियर निर्माणको चरणमा रहेको छ । बकैया गाउँपालिका-५ मा ४९ मिटर उचाइको २४० मिटर लामो पुल बनिरहेको छ । यसको पाइलको काम सकिएको छ । सोही ठाउँमा ४५ मिटर उचाइको ५३० मिटर लामो पुल निर्माण सुरु भएको छ । भीमफेदी-८ सिस्नेरीमा ५५ मिटर अग्लो पुल बन्दैछ । ५८० मिटर लामो यो पुलको पाइल निर्माणको काम भइरहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत २६ गते बिहीबार ९ अप्रिल २०२६ । सप्तमी, बैशाख कृष्णपक्ष । चौलागा ११४६ ने.सं. । सूर्योदय ५:४८ सूर्यास्त ६:२५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : नचिताएको काम सम्पन्न हुनेछ | तुला | : यात्राबाट नोक्सान हुनेछ |
| वृष | : मिहिनेतको फल मिल्नेछ | वृश्चिक | : घाउचोट लाग्न सक्नेछ |
| मिथुन | : स्वास्थ्यमा खराबी आउनेछ | धनु | : जग्गा जमिनबाट लाभ हुनेछ |
| कर्कट | : शुभ कामको संकेत मिल्नेछ | मकर | : सोचेभन्दा बढी खर्च हुनेछ |
| सिंह | : शरीरमा केही आलश्य हुनेछ | कुम्भ | : मित्रतामा कमी आउनेछ |
| कन्या | : सफलता मिल्न गाह्रो छ | मीन | : कामको जिम्मेवारी बढ्नेछ |

# प्रधानमन्त्रीका तीन चुनौती



डा. सृष्टि राणा

नेपालका प्रधानमन्त्री बालेन्द्र शाहको केही समय अगाडि सपथ ग्रहण हुँदा, मलाई केही विदेशी प्रोफेसरहरूले उनका बारेमा सोधे । धेरै देशहरूमा राजनीतिक प्रियतावादको लहर चलेकाले उनीहरूले बालेन शाहको उदयलाई त्यसरी नै बुझेका रहेछन् । विदेशीहरूको अगाडि, त्यो पनि विदेशमा, नेपाल र नेपालीहरूको राम्रो मात्र कुरा भन्न मन लाग्दो रहेछ । त्यसैले मैले हाम्रा नयाँ युवा प्रधानमन्त्रीको सकेसम्म तारिफ गरें । मैले उनीहरूलाई बालेन साहको उदय प्रियतावादी लहरभन्दा पनि राजनीतिमा युवा नेतृत्वको लहरको रूपमा बुझ्न आग्रह गरें ।

धेरैले उनलाई सफा नियत भएको इमानदार व्यक्तिको रूपमा बयान गर्ने कुरा पनि सुनाएँ । राजनीति गर्ने भन्दा जनताका लागि काम गर्ने उनको छवि भएकाले धेरै जनताले उनलाई रोजेको कुरा बुझाएँ । तर विदेशी प्रोफेसरहरूले मबाट अलि आलोचनात्मक टिप्पणीको आश गरेका थिए । विश्वभरका उदाहरण हेर्दा क्रान्ति वा विद्रोहपछिका परिणाम अपेक्षा गरे जस्ता सकारात्मक छैनन् । संरचनात्मक चुनौतीहरूले गर्दा प्राय: विकासशील देशहरूमा क्रान्ति वा विद्रोहले जनताको दैनिक जीवनमा आशा गरेजस्तो सकारात्मक परिवर्तन ल्याउन सकेको छैन ।

पछिल्लो समयमा अरब क्रान्तिलाई यसको उदाहरणको रूपमा प्रस्तुत गरिन्छ । 'यस्तो अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा नेपाल कसरी अपवाद होला र ?', भनेर उनीहरूले मलाई प्रश्न गरे । फेरी उनीहरूलाई बालेन शाह दक्षिणपन्थी प्रयतावादी लहरको उपज हो कि भन्ने शंका पनि लागेको रहेछ । मैले भने नेपालको वि.स २००७ सालदेखि पटक पटक भएका क्रान्तिहरूको पृष्ठभूमि सुनाएर आफ्नो प्रतिवाद गरें ।

क्रान्तिहरूको विशिष्ट परिवेश भएकाले नेपाली जनताहरू अरू देशका जनताहरूभन्दा सशक्त छन्, त्यसैले नेपालमा अहिलेको परिवर्तन प्रगतिशील नै हुन्छ भनेर उनीहरूसँग तर्क गरें । मेरो तर्कबाट विश्वस्त भएर ती प्रोफेसरहरूले पश्चिममा लोकतन्त्र, विशेष गरेर अमेरिकामा पनि नेपालमा जस्तै नैतिकवान युवा नेतृत्वको खाँचो छ भने । मैले दृढता पूर्वक 'नेपालमा अब जे हुन्छ, राम्रै हुन्छ' भनेर तर्क त गरेँ । तर भोलि त्यसो भएन भने ती प्रोफेसरहरूले मेरो विश्लेषण कति कमजोर रहेछ भनेर खिसी गर्लान् कि भन्ने चिन्ता पनि लाग्यो । त्यसैले आफ्नो विश्वसनीयता जोगाउन भएपनि नेपालका नयाँ प्रधानमन्त्री सफल होऊन् भन्ने मेरो शुभेच्छा छ ।

एउटा युवा, हाँस्न, खेल्न, घुम्न अनि गाउन छोडेर देशमा केही गर्छु भनेर लागेका छन्, फेरि नेपाली जनताले पनि उनलाई असीम विश्वास र भरोसा गरेका छन् । उनी हाम्रो देशका अधिकांश युवाहरूले रुचाएका व्यक्ति हुन् । उनी सफल भए भने, सबै युवाहरू सफल हुन्छन् । युवाहरू सफल भए भने, देश कसरी असफल रहन सक्ला र ? त्यसैले सफल हुनको लागि उनले सम्बोधन गर्नु पर्ने तीन मुख्य चुनौती छन् ।

### कर्मचारीतन्त्रको बाधा अवरोध

बेलायतका टोनी ब्लेयरले प्रधानमन्त्री भएपछि आफ्नो भाषणमा भनेका थिए- 'मैले प्रधानमन्त्री भएपछि थाहा पाएको सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको प्रधानमन्त्रीले निर्णय गर्दैमा वा आदेश दिँदैमा त्यो कुरा लागु हुन्छ भन्ने छैन ।' नेपालको हकमा पनि यो कुरा कति सही छ भनेर त हामीले विगतमा कयौं उदाहरण देखेका छौं । नयाँ प्रधानमन्त्रीलाई सफल हुनबाट रोक्ने सबैभन्दा ठूलो बाधक कर्मचारीतन्त्र हो । गिरिजाप्रसाद कोइरालादेखि पुष्पकमल दाहाल र केपी शर्मा ओली समेत आफ्ना क्षमताका कारण असफल भएका होइनन् । सुरुका दिनहरूमा उनीहरूको नियत पनि देश बनाउने नै देखिन्छ ।

तर, कर्मचारीतन्त्रमा आवश्यक सुधार ल्याउन नसक्दा उनीहरू आफ्ना उद्देश्य प्राप्त गर्न असफल भए । विश्वभर नै कर्मचारीतन्त्र आमूल परिवर्तनको बाधक मानिन्छ । किनभने, यो संरचनात्मक रुपमै त्यसको लागि बनेको हुँदैन । कर्मचारीहरूलाई अर्को निर्वाचन लड्नुपर्ने बाध्यता पनि हुँदैन । त्यसैले संसारभर कर्मचारीतन्त्रले यथास्थितिवादलाई नै प्रश्रय दिन्छ भन्ने मान्यता छ । नेपालमा पनि त्यस्तै भयो । यसले गर्दा जनताले चाहेका परिवर्तनहरू विगतका नेतृत्वले दिन सकेनन् । तर, यो बृहत् संरचनात्मक समस्याको साथै नेपालको कर्मचारीतन्त्रका आफ्नै विशिष्ट समस्याहरू छन् ।

नेपालको कर्मचारीतन्त्र (यसमा न्यायालय र सुरक्षा निकायहरू पनि पछि छैनन्)ले जहिले पनि सम्पूर्ण रूपमा शासक वर्गको हितमा मात्रै काम गऱ्यो । आम जनतालाई यसले जहिले पनि प्रताडित नै गरेको महशुस गराएको छ । यस पृष्ठभूमिमा नयाँ प्रधानमन्त्रीको सबैभन्दा मुख्य चुनौती भनेको कसरी कर्मचारीतन्त्रलाई शासकबाट जनताको सेवक बनाउनु हो । साथै कसरी सरकारी सेवालाई निजी क्षेत्रको सेवा जस्तै चुस्त र प्रभावकारी बनाउने भन्ने चुनौती पनि उत्तिकै छ । यदि नयाँ प्रधानमन्त्रीले कर्मचारीतन्त्रमा आवश्यक संरचनात्मक परिवर्तन गर्न सक्नुभएन भने, कस्मेटिक सुशासनका सुधारहरूले मात्र जनताले खोजेको रुपान्तरण सम्भव छैन ।

### आर्थिक नीतिका कठिनाई र द्विधा

अहिलेको नवउदारवादी आर्थिक व्यवस्थाको वर्चस्व भएको विश्वमा नेपाल जस्तो आर्थिक रूपले सीमान्तीकृत देशहरूलाई आर्थिक सुधार गर्न विश्वस्तरकै संरचनात्मक बाधाहरू छन् । अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू मात्र होइन, अन्तरसम्बन्धित विश्व अर्थतन्त्रमा, बहुराष्ट्रिय कम्पनीहरूको पनि प्रभाव बढ्दो छ । हालैको एक प्रतिवेदन अनुसार एप्पल कम्पनीको कुल बजार पुँजीकरण विश्वका देशहरूको कुल घरेलु उत्पादनसँग तुलना गर्ने हो भने, यो विश्वको सातौं स्थानमा पर्दछ ।

यस्तो विश्व अवस्थामा ठूला र सम्पन्न देशहरूले त आफ्नो आवश्यकताअनुसार आर्थिक नीति लागु गर्न सक्दैनन् भने, त्यसो गर्न नेपाललाई अत्यन्तै चुनौतीपूर्ण छ । उदारवादी अर्थतन्त्र नअँगाल्दा विश्व अर्थतन्त्र उल्टो दिशामा हुने र उदारवादी अर्थतन्त्र अपनाउँदा चरम आर्थिक असमानता बढ्ने जोखिम छ । नेपालकै उदाहरण हेर्ने हो भने पनि आर्थिक उदारीकरण भन्दा पहिला सन् १९८५ मा नेपालको आर्थिक असमानता (जसलाई गिनी सूचकाङ्कमा मापन गरिन्छ) ०.३० थियो भने आर्थिक उदारीकरण पछि त्यो सन्.१९९५-९६ मा ०.४३ मा वृद्धि भएको थियो ।

जबकी लोकतन्त्र आएपछि आर्थिक असमानता घट्छ होला भन्ने सबैको अपेक्षा थियो । यो बढ्दो आर्थिक असमानता हाम्रो सामाजिक असमानतासँग खप्टिन पुगेको थियो । जुन अवस्था माओवादी सशस्त्र विद्रोह सुरु गर्ने वस्तुगत पृष्ठभूमि बन्यो । माओवादी नेतृत्वको सरकारले त उदारवादी अर्थतन्त्रको विकल्प खोज्न सकेन भने अरू कसैसँग त्यो आशा राख्न पनि सकिँदैन । तर, उदारवादी अर्थतन्त्र अपनाउँदै गर्दा आर्थिक असमानतालाई कसरी न्यूनीकरण गर्ने भन्ने ध्यान नपुग्दा भने फेरि विद्रोह हुन सक्छ भनेर गत भदौको विद्रोहले देखाइसकेको छ ।

यो विद्रोहका संरचनात्मक कारणहरू खोतल्ने हो भने आर्थिक असमानता मुख्य हो । पछिल्लो समयमा नेपालको आर्थिक असमानतामा तीव्र वृद्धि भएर विश्वकै उच्च विन्दु (१५७ देशहरूमध्ये १३८ औं)स्थानमा पुगेको थियो । एउटा प्रतिवेदन अनुसार नेपालमा १० प्रतिशत धनीको सम्पत्ति ४० प्रतिशत गरिब जनताको भन्दा तीन गुणा बढी छ । उदारवादी आर्थिक नीति अपनाए पनि कसरी आर्थिक असमानता न्यून गर्ने भन्ने सिक्नका लागि नर्डिक देशहरू उत्तम उदाहरण हुन सक्छन् । त्यसैले नयाँ प्रधानमन्त्रीको चुनौती भनेको रास्वपाको वाचापत्रमा भएको आर्थिक वृद्धि हासिल गर्नु मात्र नभएर उदारवादी आर्थिक संरचनामा आर्थिक असमानतालाई न्यूनीकरण गर्न सक्नु पनि हो । यदि आर्थिक वृद्धि असमान भयो भने जति नै प्रगति भए तापनि जनताले राहत महशुस गर्दैनन् भन्ने त बंगलादेशको युवा विद्रोहको उदाहरणले पनि देखाएको छ ।

### भूराजनीतिक शक्ति सन्तुलन

अहिलेको बहुवीकृत व्यवस्थामा लम्कँदै गरेको विश्वमा नेपालका दुई छिमेकी, विश्वमा अमेरिकाको एकाधिकार प्रभुत्वको चुनौतीका रूपमा उदाएका छन् । त्यसैले यी तीन शक्तिबीच प्रतिस्पर्धा अत्यन्तै कडा छ, जुन नेपालमा आफ्नो प्रभाव जमाउने हकमा पनि लागु भएको देखिन्छ । यस्तो अवस्थामा नेपालले आफ्नो विगतमा अपनाएको शक्ति सन्तुलनको रणनीतिलाई अहिलेको आवश्यकता अनुसार परिमार्जन गर्नु नयाँ प्रधानमन्त्रीको अर्को मुख्य चुनौती हो । वि. सं २०७९ को चुनावपछि सरकार बेलाबेलामा परिवर्तन भइरहनुमा हाम्रो आन्तरिक कमजोरी मात्र नभएर भू-राजनीतिक चलखेल पनि जिम्मेवार रहेको प्रष्ट नै देखिन्छ ।

विगतका घटना क्रमलाई हेर्दा के देखिन्छ भने बीआरआइ नेपालका नेताहरूलाई उम्कनै नसक्ने चक्रव्यूह भएको थियो । सम्झौता भइसकेकाले बीआरआइ कार्यान्वयन भएन भने उत्तरको छिमेकी चीन (जुन विश्वको दोस्रो शक्ति पनि हो)ले दबाब दिनेछ । तर, कार्यान्वयनका लागि अलि अगाडि बढ्यो कि हाम्रो नजिकको छिमेकी भारत र विश्वकै शक्तिशाली देश अमेरिकालाई असह्य हुने अवस्था रहन्छ । नयाँ प्रधानमन्त्रीलाई पनि बीआरआइ जस्ता विषयहरूलाई कसरी सम्बोधन गरेर भू-राजनीतिक शक्ति सन्तुलन मिलाउने भन्ने चुनौती छ । अहिले चीन र अमेरिकाबीचको शक्तिको अन्तर पहिलाभन्दा धेरै घटेको छ । छिट्टै चीनको शक्ति अमेरिकाकै हाराहारीमा पुग्ने अनुमानहरू पनि छन् ।

कुनै पनि मुलुक विश्वको शक्तिशाली हुनका लागि पहिला ऊ क्षेत्रीय रूपमा शक्तिशाली हुनु अनिवार्य हुन्छ । त्यसैले यदि बीआरआइ चीनले चाहे जस्तो कार्यान्वयन भएन वा सम्झौता रद्द भयो भने, पहिलो शक्ति हुने दौडमा रहेको चीनले आफ्नो क्षेत्रीय प्रभुत्वतामाथिको चुनौती बुझेर नेपाललाई अकल्पनीय क्षति गर्न सक्छ । यदि बीआरआइलाई सशक्त रुपमा कार्यान्वयनका लागि अगाडि बढाईयो भने भारत र अमेरिकालाई अमान्य हुन सक्छ । यसलाई रोक्न झण्डै दुई तिहाइकै सरकार ढाल्न पनि उनीहरू पछि हट्ने छैनन् । बीआरआइ त एउटा उदाहरण मात्र हो । वर्तमान विश्व परिस्थितिले नेपालका लागि शक्ति सन्तुलनका लागि यस्ता प्रचुर चुनौतीहरू खडा गरेको छ ।

यस्ता चुनौतीहरू रणनीतिक हिसाबले सम्बोधन गरेर देशको सार्वभौमिकता जोगाउनु नयाँ प्रधानमन्त्रीको अर्को मुख्य चुनौती हो । माथि उल्लिखित मुख्य चुनौतीहरूलाई सम्बोधन गर्न सके हाम्रा नयाँ युवा प्रधानमन्त्रीलाई नेपाली इतिहासकै सबैभन्दा सफल प्रधानमन्त्री बन्ने अवसर छ । जनताले झण्डै दुई तिहाइले उनलाई सहज बहुमत दिएका छन् जसले गर्दा विगतका गणतान्त्रिक प्रधानमन्त्रीहरूले भोगेका गठबन्धनको चुनौतीहरू उनले भोग्नु पर्ने छैन । उनले आरामसाथ जनताको दैनिक जीवन सुधार गर्ने संरचनात्मक परिवर्तनहरू लागु गर्न सक्छन् ।

अन्त्यमा मलाई डेनमार्कको एउटा पूर्वमन्त्री तथा बरिष्ठ नेताले भनेको सन्दर्भ जोड्न मन लागेको छ । मैले उनलाई 'सरकारमा गएर सफल हुनका लागि एउटा नेताले के गर्नु पर्छ ?' भनेर सोधेको थिएँ । मेरो प्रश्नको उत्तर दिँदै उनले भनेका थिए, 'सरकारमा गएपछि जस्तै त्यागी नेता पनि पदको आसक्ति र आडम्बरमा अलमलिन पुग्छन् । शक्तिको अन्तरनिहित चरित्र नै यस्तो हुन्छ कि यो नशा बन्न थाल्छ । यदि यो नशाबाट बच्न सकेर शक्ति जति नै आकर्षक भए तापनि यो कसैको लागि स्थायी हुन सक्दैन भनेर आत्मसात् गर्न सक्यो र आफ्नो मुख्य उद्देश्य जनताको जीवनमा सुधारलाई – प्राथमिकतामा राख्न सक्यो भने मात्र सरकारमा गएका कुनै नेता असफल हुँदैनन् ।' उनले पदको आडम्बरमा नअलमलिएकै कारण आफू सफल भएको पनि बताएका थिए । यो अनुभव हाम्रा नयाँ युवा प्रधानमन्त्रीलाई पनि सान्दर्भिक हुन सक्छ ।

*(साभार: अनलाइनखबर)*

# सत्ताको प्रकृति र अहङ्कारको विरासत

लक्ष्मी बर्देवा

इन्द्रकुमार श्रेष्ठसत्ता र शक्तिको स्वभाव नै आधारभूतरूपमा अहङ्कारी, उन्मत्त र आत्मकेन्द्रित हुन्छ भन्ने कटु सत्यलाई मानव सभ्यताका विभिन्न कालखण्डले पटक-पटक पुष्टि गर्दै आएका छन् । इतिहासको पाना पल्टाउँदा देखिन्छ कि शक्ति प्राप्त गरिसकेपछि मानिसमा आफू सर्वोपरि र अजेय भएको भ्रम पैदा हुन्छ । यो भ्रमले विवेकलाई छोपिदिन्छ र अरूका सल्लाह वा सुझावलाई उपेक्षा गर्ने प्रवृत्ति जन्माउँछ । विश्व इतिहासमा नेपोलियन बोनापार्ट, एडोल्फ हिटलर वा मुसोलिनीजस्ता शासकहरू यसका ज्वलन्त उदाहरण हुन् ।

तिनले आफ्नो महत्वाकाङ्क्षाको उचाइमा पुगेपछि धर्तीलाई नै आफ्नो मुट्ठीमा ठाने तर अन्तत: त्यही अहङ्कारको बोझले उनीहरूलाई इतिहासको अन्धकारमा विलीन गरायो । नेपोलियनले युरोप जित्ने महत्वाकाङ्क्षामा आफ्ना सेनालाई रुसको हिउँमा होमिदिए, जसको परिणाम उनको साम्राज्यको पतन बन्यो । हिटलरको 'आर्य श्रेष्ठता' को दम्भले विश्वलाई महायुद्धमा धकेल्यो र स्वयं उनलाई बंकरभित्र आत्महत्या गर्न विवश तुल्यायो । यी घटनाक्रमले के सिकाउँछन् भने, सत्ताको नशाले शासकलाई आफ्नै पतनको पदचाप सुन्न असमर्थ बनाउँछ ।

नेपालको सन्दर्भमा सत्ताको यो बीभत्स र अहङ्कारी रूप झन् गहिरो गरी जकडिएको देखिन्छ । आधुनिक नेपालको इतिहासमा भीमसेन थापाजस्ता शक्तिशाली मुख्तियार, जसले झन्डै तीन दशक एकछत्र शासन गरे, उनी पनि अन्त्यमा सत्ताकै षड्यन्त्र र अहङ्कारको सिकार हुनुपऱ्यो । समयक्रममा विकसित भएका विरोधी भारदारहरूको घेराबन्दीमा परेर जेलको कालकोठरीमा आत्महत्या गर्न विवश पारिनु सत्ताको त्यो निर्दयी स्वरूप थियो, जहाँ शक्तिको शिखरमा रहँदा कसैको अस्तित्व स्वीकार गरिँदैनथ्यो ।

त्यसै गरी, कोतपर्वको रगतको भेलबाट उदाएका जङ्गबहादुर राणाले शासन सत्तालाई आफ्नो पारिवारिक पेवा बनाए । सत्ता जोगाउन आफ्नै मामा माथवरसिंह थापाको हत्या गर्नेदेखि लिएर भाइभतिजाहरूबीचको शक्तिसंघर्षले राणा शासनको जग नै रगतमा डुबेको थियो । सत्ताकै लागि राणाहरूभित्र 'ए', 'बी' र 'सी' क्लासको विभाजन गरियो र आफ्नै दाजुभाइबीच काटाकाट र निर्वासनको शृंखला चल्यो । सत्ताको यो मोह र अहङ्कारले मानिसलाई यतिसम्म अन्धो बनाउँछ कि उसले रगतको नातासमेत बिर्सिन्छ र केवल शक्तिको कुर्सीलाई मात्र आफ्नो अन्तिम सत्य मान्दछ ।

१९९७ सालको त्यो कहाली लाग्दो समयलाई फर्केर हेर्दा, जब चार शहीदहरूलाई मृत्युदण्ड दिने निर्णय गरियो, तब निश्चय नै कसै न कसैले त्यसलाई भङ्ग गराउन राजा त्रिभुवनलाई सुझाव दिएकै हुनुपर्छ । शासन गर्ने अधिकार राणा प्रधानमन्त्रीको भए पनि मृत्युदण्डको स्वीकृतिपत्रमा हस्ताक्षर राजाले नै गर्नुपर्थ्यो । शक्तिशाली राणाशासनले राजाको स्वीकृति लिन खोज्दा राजाले जुन आक्रोश र अहङ्कार प्रदर्शन गरे, त्यसले सत्ता सञ्चालकहरूमा कस्तो मनोविज्ञान हाबी हुन्छ भन्ने प्रस्ट पार्छ ।

'शासन तिमीहरू गर्ने, मार्ने सदर मैले गर्नुपर्ने !' भन्दै तत्कालीन राजा त्रिभुवन रिसाउनुले एकातिर शक्तिको बाँडफाँडको द्वन्द्व देखाउँछ भने अर्कोतिर प्राणदण्डजस्तो गम्भीर विषयमा समेत मानवीय संवेदनाभन्दा सत्ताको अहं ठूलो भएको झल्को दिन्छ । इतिहासका यस्ता पानाहरूले आज पनि हामीलाई सत्ताको कठोर र निर्दयी अनुहारको स्मरण गराइरहेका छन्, जसको अन्तिम सार भनेकै शक्तिको उन्मादमा गरिने विवेकहीन निर्णयहरू नै हुन् ।

२०१७ सालको राजनीतिक घटनाक्रमले नेपालको लोकतान्त्रिक इतिहासमा एउटा ठूलो अवरोध सिर्जना गर्दा राजा महेन्द्रको मानसपटलमा के-कस्ता विचारहरू खेलेका थिए होलान् भन्ने प्रश्न आज पनि उत्तिकै सान्दर्भिक छ । जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालालाई गिरफ्तार गरी जेल हाल्ने कठोर कदम चाल्दा निश्चय नै उनलाई पनि यसको दूरगामी परिणामबारे सचेत गराउने पात्रहरू नभएका होइनन्, तर सत्ताको शक्तिले आँखा छोपिएका शासकलाई जनभावनाभन्दा आफ्नै महत्वाकाङ्क्षा प्यारो लाग्छ ।

निर्वाचित सरकारलाई अपदस्थ गरेर प्रत्यक्ष शासन हातमा लिँदा जुन खालको दम्भ प्रदर्शन गरियो, त्यसले नेपाली राजनीतिमा तानाशाही प्रवृत्तिको एउटा नयाँ जग बसायो । यस्तो परिस्थितिमा जुनसुकै शासकले पनि आफूलाई राष्ट्रको एकमात्र मुक्तिदाता ठान्ने भूल गर्छन् । यसले गर्दा जनमतको अपमान हुन पुग्छ र लोकतन्त्रको गला थिचिने काम हुन्छ । राजा महेन्द्रको त्यो कदमले देशलाई दशकौं पछाडि धकेल्ने कार्य गरेको बताइन्छ, जसको मूल जड भनेकै सत्ताको त्यो अहङ्कारी स्वभाव थियो, जसले आफूलाई कानुन र जनताभन्दा माथि ठान्ने गर्दछ ।

गणतन्त्रको उदय हुनुभन्दा ठीक अगाडि २०६२ सालमा राजा ज्ञानेन्द्रले कीर्तिनिधि विष्ट र तुलसी गिरीजस्ता पुराना पात्रहरूलाई अघि सारेर प्रत्यक्ष शासन शुरु गर्दा पनि इतिहासले आफूलाई दोहोऱ्याएको महसुस गराएको थियो । त्यति बेलाको बदलिएको विश्वपरिवेश र सचेत नागरिक समाजको बीचमा 'त्यसो गर्नुहुँदैन' भनेर धैरेले सुझाव र चेतावनी दिएका थिए होलान्, तर सत्ताको नशा यस्तो हुन्छ कि यसले आफ्नै पतनको घण्टी पनि सुन्न दिँदैन ।

नागरिक आवाज, सञ्चारमाध्यमका गुनासा र सडकमा उर्लिएको विरोधको लहरलाई बेवास्ता गर्दै चालिएका ती कदमहरू अन्तत: राजतन्त्रकै अन्त्यको कारक बने । जसरी एउटा ढल्न लागेको रुखले आफ्नो जरा कमजोर भएको थाहा पाउँदैन, त्यसै गरी सत्ताको उन्मादमा रहेका शासकहरूले जनताको आक्रोशलाई नजरअन्दाज गर्दा तिनले सत्ता मात्र गुमाउँदैनन्, बरु इतिहासको कठघरामा उभिनुपर्ने स्थिति पनि सिर्जना हुन्छ । अन्तत: जनताको शक्तिको अगाडि कुनै पनि निरंकुशता टिक्न सक्दैन र अहङ्कारको महल बालुवाको घरजस्तै ढल्न पुग्छ भन्ने नै यस कालखण्डको मुख्य सार हो ।

पञ्चायत र राजतन्त्रको अन्त्यपछि आएका लोकतान्त्रिक नेताहरू देउवा, ओली, बाबुराम वा माधव नेपाल जुनसुकै पात्र सत्तामा पुगे पनि तिनीहरूको कार्यशैलीमा सत्ताकै पुरानो अहङ्कारी प्रवृत्ति हाबी भएको देखिनु विडम्बनापूर्ण छ । यी नेताहरूका पालामा जे-जति नराम्रा कामहरू भए, भ्रष्टाचार र कुशासनका शृंखलाहरू चले, ती सबैका विरुद्ध नागरिक समाज र सञ्चारमाध्यमले निरन्तर खबरदारी र सुझाव नदिएका होइनन् ।

पत्रपत्रिकाका पानाहरू उनीहरूका गल्ती औँल्याउँदै भरिए, सडकमा नागरिकका गुनासाहरू गुन्जिए, तर सत्ताको कुर्सीमा बसेपछि सुन्ने शक्ति हराउने रोग यी नेताहरूमा पनि सङ्क्रामकरूपमै देखियो । अहिले तीमध्ये कतिपय नेताहरू शक्तिहीन भएर पाखा लागेका छन् र पश्चात्तापको भावमा आफ्ना विगतका गल्तीहरू सम्झँदै बसिरहेका छन्, जुन सत्ताको उन्मादले दिने अनिवार्य उपहार हो । जनताको नाममा राजनीति गर्नेहरूले जब सत्तालाई आफ्नो पेवा ठान्छन् र सुझावहरूलाई तिरस्कार गर्छन्, तब उनीहरूको हबिगत पनि इतिहासका तिनै अहङ्कारी शासकहरूको जस्तै हुन्छ ।

सत्ता प्राप्तिको होडबाजीमा सिद्धान्त र निष्ठालाई तिलाञ्जलि दिनु आधुनिक नेपाली राजनीतिको अर्को कुरुप पाटो हो । हिजो व्यवस्था परिवर्तनका लागि ज्यानको बाजी लगाउनेहरू सत्ताको चास्नीमा डुबेपछि जनताको दु:खलाई एउटा तथ्याङ्क मात्र ठाने । स्वास्थ्य, शिक्षा र रोजगारजस्ता आधारभूत आवश्यकताका लागि नागरिकहरू भौँतारिरहँदा शासकहरू भने आफ्नै गुट र निकटका मानिसहरूलाई पोस्न व्यस्त देखिए । भ्रष्टाचारका ठूला-ठूला काण्डहरू सार्वजनिक हुँदा पनि लज्जाबोध हुनुको साटो सत्ताको आडमा त्यसलाई ढाकछोप गर्ने र उल्टो जनतालाई सदाचारका अर्ति-उपदेश दिने काम भइरहे । यस्तो प्रवृत्तिले लोकतन्त्रलाई कमजोर बनाउने नै भयो । नयाँमा जे कुरा पनि राम्रो देखिन्छ । अहिलेको सरकारले पनि सबै राम्रा काम मात्रै गर्छ र पुरानो प्रवृत्तिबाट मुक्त छ भन्ने भ्रम पाल्नु शायद हतारो हुन सक्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# जोरबिजोर प्रणालीले इन्धन समस्या समाधान गर्छ ?

काठमाडौं/पश्चिम एसियामा चर्किएको द्वन्द्व, आयातको बढ्दो चाप र डलर सञ्चितिमा परेको असर मध्यनजर गर्दै सरकारले इन्धन खपत नियन्त्रणका लागि विभिन्न रणनीति अपनाउन थालेको छ । इन्धन बिक्री वितरणको एकाधिकारप्राप्त निकाय नेपाल आयल निगमले पश्चिम एसियामा युद्ध चर्किएसँगै पेट्रोलियम पदार्थको भाउ बढेपछि यसका उपयुक्त विकल्पमा जान सरकारलाई विभिन्न प्रस्ताव पेस गरेको थियो ।

वित्तीय घाटा चुलिँदै गएपछि निगमले सर्वसाधारणलाई इन्धन कम खपत गर्न (मितव्ययिता अपनाउन) औपचारिक अपिल गर्दै आएको छ । घाटा धान्नै नसक्ने अवस्थामा पुगेपछि निगमले पेट्रोलियम पदार्थको खपत घटाउन सरकार समक्ष विकल्पहरू प्रस्ताव गरेको थियो । निगमले सवारी साधनमा जोरबिजोर प्रणाली लागु गर्ने, कार्यालय समय दुई दिन बिदा (सार्वजनिक बिदा) गर्ने, स्कुल-कलेज बन्द गर्ने र कोटा सिस्टम (रासनिङ) गर्न सकिने प्रस्ताव सरकारलाई बुझाएको थियो ।

खपत घटाउने बाहेक आर्थिक व्यवस्थापनका लागि सरकारले करमा छुट दिनुपर्ने माग पनि निगमको थियो । निगमको प्रस्तावपछि सरकारले छलफल गरेर खपत न्यूनीकरण गर्नकै लागि आइतबार पनि सार्वजनिक बिदा दिने, शैक्षिक सत्र वैशाख १५ गतेदेखि मात्रै सुरु गर्ने, थोक बिक्री नियन्त्रण गर्ने र उच्च पदस्थ कर्मचारीहरूको इन्धन कोटा कटौती गर्ने काम भइसकेको छ ।

मंगलबारको मन्त्रिपरिषद्ले पेट्रोलियम पदार्थको मूल्यवृद्धिबाट जनतालाई पर्ने मार कम गर्न भन्सार महसुल र पूर्वाधार विकास करमा ५० प्रतिशत छुट दिने निर्णय गरेको छ । यस्तै पेट्रोलियम पदार्थको अत्यधिक आयात र यसले अर्थतन्त्रमा पारेको चाप कम गर्न सरकारले सवारीसाधनमा 'जोरबिजोर प्रणाली' लागु गर्न सक्ने पनि बताएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले इन्धन खपत नियन्त्रणका लागि आइपरेको खण्डमा सरकार जस्तोसुकै कदम चाल्न तयार रहेको संकेत गर्दै आवश्यकता अनुसार सडकमा गुड्ने सवारीसाधनमा जोरबिजोर प्रणाली लागु गरिने स्पष्ट पारिन् ।

मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्ने क्रममा मन्त्री रावलले इन्धन संकट व्यवस्थापनका लागि सरकारले विभिन्न विकल्प अगाडि सारेको बताइन् । 'पेट्रोलियम पदार्थ खपत नियन्त्रण गर्न हामीले केही कदम चालिसकेका छौं,' उनले भनिन्, 'यति गर्दा पनि अवस्था नियन्त्रणमा नआए र आवश्यक परे यातायातमा जोरबिजोर प्रणाली पनि सरकारले लागु गर्ने छ ।'

सरकारले यातायातमा जोरबिजोर जस्तो कडा नियम लागु गर्नुपर्ने बाध्यात्मक अवस्था आउन नदिन नागरिक स्तरबाटै सहयोगको अपेक्षा गरेको छ । इन्धन खपत कम गर्नकै लागि मन्त्री रावलले सर्वसाधारण र निजी क्षेत्रलाई सम्भव भएसम्म 'वर्क फ्रम होम' (घरबाटै काम) को अभ्यास गर्न र विद्युतीय सवारीसाधन (ईभी) प्रयोग बढाउन विशेष आह्वान गरिन् ।



'दीर्घकालीन रूपमा ईभी रूपान्तरणको कानुनी व्यवस्था अगाडि बढेको छ, इथानोल नीतिमा तयारी भइरहेको छ र ईभी पूर्वाधार विकास तथा विस्तारका लागि सरकार प्रतिबद्ध छ,' उनले भनिन् । आम नागरिकको दैनिक जीवनयापनदेखि समग्र अर्थतन्त्रसम्म प्रत्यक्ष असर पार्ने यो कदम विगतमा पनि संकटको समयमा लागु गरिएको थियो, जसले इन्धन खपत घटाउन महत्त्वपूर्ण भूमिका खेलेको थियो ।

**जोरबिजोर प्रणाली अभ्यास**

नेपालमा जोरबिजोर प्रणाली इन्धन संकट, महामारी र विशेष परिस्थितिको व्यवस्थापनसँग जोडिएको पर्याय जस्तै बन्दै आएको छ । विगतका सरकारले पनि यो प्रणाली संकटको समयमा इन्धन खपत घटाउने र सवारी आवागमन नियन्त्रण गर्ने सबैभन्दा सजिलो औजारका रूपमा प्रयोग गर्दै आएका थिए । मुलुकको इतिहासमा इन्धन खपत घटाउनकै लागि जोरबिजोर प्रणाली सबैभन्दा सशक्त र लामो समयसम्म लागु भएको २०७२ सालको भारतीय नाकाबन्दीको समयमा हो ।

नेपालले नयाँ संविधान जारी गरेपछि भारतले लगाएको अघोषित नाकाबन्दीका कारण देशैभरि पेट्रोलियम पदार्थको चरम अभाव सिर्जना भयो । यही अभाव व्यवस्थापन गर्न र उपलब्ध सीमित इन्धन लामो समयसम्म टिकाउन सरकारले निजी तथा सार्वजनिक सवारीसाधनमा जोर-बिजोर प्रणाली लागु गरेको थियो । यसपछि आम नागरिकले सार्वजनिक यातायात र वैकल्पिक उपाय अपनाउन बाध्य भएका थिए । जोरबिजोर प्रणाली इन्धन खपत घटाउन र विशेष परिस्थिति व्यवस्थापन गर्न प्रभावकारी देखिए पनि यसले आम नागरिकको दैनिकीमा असहज अवस्था बनाउने गरेको छ ।

**इन्धन संकट टार्न जोरबिजोर प्रणाली सकारात्मक**

पूर्ववाणिज्य सचिव पुरुषोत्तम ओझाले इन्धन खपत घटाउन सवारीसाधनमा जोरबिजोर प्रणाली लागु गर्ने सरकारको तयारीलाई सकारात्मक र आवश्यक कदमका रूपमा लिएका छन् । बढ्दो मूल्यवृद्धि र इन्धन संकट व्यवस्थापनका लागि सरकारले अपनाउन सक्ने प्रभावकारी औजारमध्ये यो पनि एक भएको उनको भनाइ छ ।

'सरकारले जोरबिजोर प्रणाली लागु गर्ने तयारी गर्नु राम्रो कुरो हो,' ओझाले भने । यो अन्तर्राष्ट्रिय रूपमै संकटको समयमा अपनाइने प्रचलित अभ्यास भएको उल्लेख गर्दै उनले विगतमा नेपालमा पनि यस्तो प्रणाली लागु भएको, तर सर्वोच्च अदालतको आदेशले रोकिएको स्मरण गरे । त्यसैले अब लागु गर्दा कानुनी र व्यावहारिक पक्ष सोचनीय ढंगले अघि बढाउनुपर्नेमा उनले जोड दिए ।

यद्यपि, जोरबिजोर प्रणाली एक्लैले मात्र समग्र समस्या समाधान नहुने पूर्वसचिव ओझाको बुझाइ छ । उनले यसलाई इन्धन खपत घटाउने अचुक उपायभन्दा पनि समग्र संकट व्यवस्थापन प्याकेजको एक महत्त्वपूर्ण हिस्साका रूपमा हेर्नुपर्ने बताए । 'यसलाई थप प्रभावकारी बनाउन वर्क फ्रम होम (घरबाटै काम) गर्ने प्रणाली प्रोत्साहन गर्ने, हप्तामा दुई दिन सार्वजनिक बिदा दिने निर्णय कार्यान्वयन गर्ने र विद्युतीय सवारीसाधनको प्रयोगलाई बढावा दिनुपर्छ,' उनले भने ।

इन्धनबाट चल्ने गाडीलाई विद्युतीयमा रूपान्तरण गर्न सघाउने लगायतका यी सबै उपाय एकसाथ अघि बढाउँदा मात्र तत्काल इन्धन खपत घटेर अर्थतन्त्र जोगाउन मद्दत पुग्ने उनको निष्कर्ष छ ।

**जोरबिजोर प्रणाली तत्काल लागु गर्नुपर्छ : उपभोक्ता अधिकारकर्मी**

उपभोक्ता अधिकारकर्मी माधव तिमल्सिना भने पेट्रोलियम पदार्थको अत्यधिक खपत र बढ्दो घाटा कम गर्न सवारीसाधनमा तत्काल जोरबिजोर प्रणाली लागु गर्नुपर्ने बताउँछन् । तिमल्सिनाले यो निर्णय गर्न सरकारले ढिला गरिसकेको भन्दै तत्काल कार्यान्वयनमा लैजान माग गरेका हुन् । 'इन्धन खपत र घाटा कम गर्न तथा राज्यको विदेशी मुद्रा सञ्चिति बढाउन जोरबिजोर प्रणालीले ठूलो सहयोग पुऱ्याउँछ,' तिमल्सिनाले भने, 'अहिलेको हाम्रो अवस्था अनुसार जोरबिजोर प्रणाली लागु गर्दा खासै नकारात्मक प्रभाव पर्दैन, बरु यो निर्णय गर्न ढिला भइसकेको छ, तत्कालै लागु गर्नुपर्छ ।'

**सरकारी गाडी र मन्त्रीका पछुवा गाडी पनि कटौती गर्नुपर्ने**

तिमल्सिनाले नागरिकलाई मात्र जोरबिजोरको नियम लगाएर नहुने भन्दै सरकारी पक्षले पनि मितव्ययिता अपनाउनुपर्नेमा जोड दिए । उनले सार्वजनिक यातायात चुस्त-दुरुस्त बनाउँदै सरकारी गाडी दुरुपयोग रोक्नुपर्ने बताए । 'कार्यालयको कामबाहेक अन्यत्र सरकारी गाडी प्रयोग रोक्नुपर्छ, मन्त्री र प्रधानमन्त्रीका पछुवा गाडी (स्कर्टिङ) पनि यो बेलामा नियन्त्रण गर्नुपर्छ,' उनले भने, 'राज्यले अनावश्यक खर्च कटौती गरेर मितव्ययिता अपनाउन सकेमात्र यो संकटबाट पार पाउन सकिन्छ ।'

वर्तमान इन्धन र आर्थिक संकट नेपालको मात्र नभई विश्वव्यापी समस्या भएको उल्लेख गर्दै उनले पाकिस्तान र भुटानजस्ता देशले पनि इन्धन जोगाउन यस्तै अभ्यास गरिरहेको उदाहरण दिए । 'यो देशको काबुभन्दा बाहिरको विश्वव्यापी समस्या हो, त्यसैले यसलाई सफल बनाउन नागरिक पनि जिम्मेवार हुनुपर्छ,' तिमल्सिनाले भने, 'नागरिक र राज्यका सबै निकाय मिलेर अघि बढे जोरबिजोर प्रणाली पूर्णरूपमा सफल हुन्छ ।'

**"जोरबिजोर लगाउने भए पहिला निजी सवारीमा लगाउनुपर्छ"**

सरकारले आवश्यक परे जोरबिजोर प्रणाली लागु गर्ने निर्णय गरेसँगै नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले यसलाई चरणबद्ध र वैज्ञानिक बनाउनुपर्नेमा जोड दिएको छ । महासंघले सार्वजनिक यातायातभन्दा पहिले निजी सवारी साधनमा यो नियम लागु गर्नुपर्ने धारणा राखेको हो ।

महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले सरकारको निर्णयमाथि टिप्पणी गर्दै कुनै पनि संकटको अवस्थामा देश नै बन्द गर्नुपर्ने स्थिति आउन सक्ने भए पनि जोरबिजोर प्रणाली लागु गर्दा त्यसको सुरुवात निजी सवारीबाट हुनुपर्ने बताए । 'आवश्यक परे देशै बन्द गर्नुपर्ने हुन सक्छ, तर जोरबिजोर प्रणाली लागु गर्ने हो भने त्यसको वैज्ञानिक आधार हुनुपर्छ,' सिटौलाले भने, 'हाम्रो सुझाव के हो भने पहिलो चरणमा पेट्रोलियम पदार्थबाट चल्ने सबै प्रकारका निजी चार पाङ्ग्रे र दुई पाङ्ग्रे सवारीमा जोरबिजोर लागु गर्नुपर्छ ।'

उनले निजी सवारी साधनलाई 'विलासिता' र सार्वजनिक यातायातलाई 'अत्यावश्यक' सेवाका रूपमा व्याख्या गर्दै सर्वसाधारणको दैनिक जीवनसँग जोडिएको सार्वजनिक यातायातलाई तत्काल प्रभावित पार्न नहुने तर्क गरे । 'एउटा निजी गाडीमा एक वा दुई जनामात्र यात्रा गरिरहेका हुन्छन्, बाँकी सिट खाली हुन्छन्, यो विलासिता हो,' उनले भने, 'तर, सार्वजनिक यातायात अत्यावश्यक सेवा हो, यसलाई रोक्दा सिधै नागरिकलाई असर पर्छ र अवस्था झन् अस्तव्यस्त हुन्छ ।'

विगतमा पनि जोरबिजोर लागु भएको अभ्यास रहेको स्मरण गर्दै उनले त्यो बेलाको परिस्थिति र अहिलेको परिस्थिति फरक रहेको बताए । विशेषगरी ईभीलाई यो नियमबाट पूर्णरूपमा अलग राख्नुपर्ने उनको भनाइ छ, किनभने यसले पेट्रोलियम पदार्थ खपतमा कुनै असर गर्दैन ।

यस्तै सिटौलाले सार्वजनिक सवारीसाधनमा जोरबिजोर प्रणाली लागु गर्दा यातायात क्षेत्रका मजदुर र व्यवसायी ठूलो मारमा पर्ने पनि बताए । 'गाडी नचलेपछि कामदारहरू त्यसै बस्नुपर्ने हुन्छ,' सिटौलाले भने, 'हाम्रो यातायात क्षेत्रमा धेरैजसो दैनिक काम गरेर खाने स्वरोजगार मजदुरहरू छन्, उनीहरूको रोजीरोटी खोसिन्छ ।'

मजदुरका साथै यातायात व्यवसायीलाई पनि बैंकको किस्ता तिर्न धौधौ हुने उनले बताए । गाडी नचलेको दिनको आम्दानी नहुने तर बैंकलाई किस्ता भने नियमित बुझाउनुपर्ने बाध्यताले व्यवसायीहरू समस्यामा पर्ने उनको भनाइ छ । 'डेली किस्ता तिर्नुपर्ने हुन्छ, गाडी नचलेपछि बैंकको किस्ता तिर्न व्यवसायीलाई ठूलो समस्या हुन्छ,' उनले थपे ।

यातायात क्षेत्रमा आश्रित ठूलो संख्याका स्वरोजगार मजदुर र बैंकको ऋणमा डुबेका व्यवसायी दुवैलाई गम्भीर प्रभाव पर्ने भएकाले जोरबिजोर प्रणालीमा जाँदा सरकारले गम्भीर भएर सोच्नुपर्ने उनले बताए । एकैपटक जोरबिजोर प्रणाली लागु गरेर यातायात क्षेत्र अस्तव्यस्त बनाउनुभन्दा सरकारले 'स्टेप बाई स्टेप' (क्रमबद्ध रूपमा) विकल्पहरू खोज्दै अघि बढ्नुपर्ने सिटौलाले सुझाव दिएका छन् ।

**जोरबिजोर प्रणाली वैज्ञानिक होइन**

सरकारले इन्धन खपत घटाउन आवश्यक परे जोरबिजोर प्रणाली लागु गर्ने निर्णय गरेसँगै यातायात विज्ञहरूले यसलाई वैज्ञानिक भने नभएको बताएका छन् । यातायात विज्ञ श्रीराम ढकालले जोरबिजोर प्रणाली वैज्ञानिक समाधान नभएको र दीर्घकालमा यसले झन् सवारीसाधन संख्या बढाउने जोखिम रहेको बताए ।

'इन्धन खपत कम गर्ने अल्पकालीन सोचका लागि यो उपाय ल्याइए पनि यसलाई वैज्ञानिक र स्मार्ट विधि मान्न सकिँदैन,' उनले भने, 'यसले दीर्घकालमा नकारात्मक असर पार्छ ।' उनले जोरबिजोर जस्ता परम्परागत उपायको सट्टा 'ट्राफिक डिमान्ड म्यानेजमेन्ट' जस्ता स्मार्ट विकल्प अपनाउनुपर्नेमा जोड दिए । उनका अनुसार वर्क फ्रम होम प्रोत्साहन गर्ने, अत्यावश्यक यात्रामात्र प्राथमिकता दिने र मूल्य संयन्त्र मार्फत अनावश्यक यात्रा निरुत्साहित गर्नेजस्ता उपाय बढी प्रभावकारी हुन्छन् । उनले जोरबिजोर र दुई दिने बिदाजस्ता निर्णयलाई यातायात व्यवस्थापनको दृष्टिकोणबाट मात्र नभई समग्र आर्थिक प्रभावको कोणबाट हेर्नुपर्ने बताए । 'यस्ता निर्णयले आर्थिक गतिविधि घटाउन सक्छ । त्यसैले यो यातायातको मात्र नभई अर्थतन्त्रको विषय हो,' उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# राष्ट्रिय समाजसेवी पुरस्कारबाट अर्पण सम्मानित



साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/कोइराला सेवा समाज नेपालले 'डिठ्ठा कुलप्रसाद कोइराला राष्ट्रिय समाजसेवी पुरस्कार २०८२' बाट हेटौंडाका अभियन्ता अपर्ण पराजुली सम्मानित भएका छन् ।

कोइराला सेवा समाज नेपाल काठमाडौंको ३० औं वार्षिक साधारणसभा तथा १० औं महाअधिवेशनको अवसरमा पराजुलीलाई सम्मान गरिएको हो । पराजुलीलाई २५ हजार रुपैयाँ नगदसहित सम्मान गरिएको हो । उनी सडक बालबालिका व्यवस्थापनमा सक्रिय मामाघर नेपाल मकवानपुरको परिकल्पनाकार तथा संरक्षक हुन् । मामाघर नेपालले २०६८ सालदेखि हेटौंडा र आसपासका क्षेत्रमा सडक बालबालिकाको आपतकालीन राहत, उद्दार, परामर्श, आवासीय सुविधा, औपचारिक शिक्षा र सीप प्रदान गर्दै आएको छ । हालसम्म २ हजार २ सय ७६ जना अनाथ, असहाय र सडक आश्रित बालबालिकालाई सेवा प्रदान गरिएको उनले बताए ।

२०६८ सालमा पराजुली आफैं ३ महिनासम्म बालबालिकासँग सडकमा बसेर अनुसन्धान गरेका थिए । बालबालिकाले आफूलाई मामा भनी सम्बोधन गरेकोले हेटौंडा उपमहानगरको सल्लाहमा संस्थाको नाम मामाघर नेपाल राखिएको उनको भनाइ छ ।

स्थापनाकालमा भाडाको घरबाट सुरु भएको मामाघर नेपाल हेटौंडाका समाजसेवी सिद्धिलाल श्रेष्ठले २ कठ्ठा सवा १४ धुर जग्गादान दिएपछि हाल हेटौंडा-११ स्थित आफ्नै भवनमा सञ्चालित छ । पराजुलीका अनुसार सुरुमा ९ वर्षसम्म भाडाको घरमा सञ्चालन हुँदा हेटौंडा उपमहानगरपालिकाले भाडा तिर्ने गरेको थियो ।

समाजसेवी श्रेष्ठबाट जग्गा प्राप्त भएपछि 'एक व्यक्ति, एक इट्टा' अभियान सञ्चालन गरी संस्थाले भवन निर्माण गरेको उनले जानकारी दिए । हाल मामाघरमा २४ जना बालबालिका छन् । नियमित आम्दानीका केही स्रोत नभएपनि व्यक्तिको जन्मदिन, वैवाहिक वर्षगाँठ, संस्थाको स्थापन दिवस पितृश्राद्ध आदिमा प्राप्त सहयोगबाट बालबालिकाको पालनपोषण भइरहेको उनको भनाइ छ ।

# २०८२ मा ७१ लाखले हेरे फिल्म, बक्स अफिसको आकार २ अर्ब १९ करोड




काठमाडौं/२०८२ सालमा हलमा गएर फिल्म हेर्ने दर्शकको संख्या उल्लेख्य देखिएको छ । सोमबार चलचित्र विकास बोर्डले सार्वजनिक गरेको तथ्यांक अनुसार यस वर्ष ७१ लाखभन्दा बढीले हलमा फिल्म हेरेका छन् । अघिल्लो वर्षको तुलनामा दर्शक संख्या घटेको भए पनि यो निराशाजनक भने होइन । ७१ लाखमा नेपाली फिल्म हेर्ने दर्शकको संख्या मात्र ३७ लाख ८१ हजार ५४४ छ ।

यस वर्ष विदेशी फिल्म हेर्ने दर्शकको संख्या पनि नेपाली फिल्म हाराहारी नै देखिएको छ । बोर्डको तथ्यांक अनुसार ३३ लाख २२ हजार ७५७ जनाले हलमा गएर विदेशी फिल्म हेरेका छन् । विदेशीभन्दा ४ लाख ५८ हजार भन्दा बढीले नेपाली फिल्म हेरेको भए पनि व्यापारमा नेपालीभन्दा ३ करोड १४ लाख ९ हजार ८३९ रुपैयाँले विदेशी फिल्म अगाडि देखिन्छ ।

यस वर्ष नेपाली बक्स अफिसको आकार भने गत वर्षको भन्दा लगभग १८.९ प्रतिशत (५१ करोड)ले खस्किएको छ । अघिल्लो वर्ष २ अर्ब ७० करोड रहेको नेपाली फिल्म बजारको आकार यस वर्ष २ अर्ब १९ करोड ९१ लाख रुपैयाँमा सीमित रह्यो । यसमा नेपाली फिल्मको योगदान १ अर्ब ८ करोड ३८ लाख रुपैयाँ छ भने विदेशी फिल्मको कमाइ १ अर्ब ११ करोड ५२ लाख रुपैयाँ छ ।

यस वर्षको व्यापारमा सबैभन्दा ठूलो हिस्सा विदेशी फिल्मले ओगटेको देखिन्छ । 'कान्तारा २', 'धुरन्धर', 'धुरन्धर २', 'हाउसफुल ५', 'अवतार ३', 'सैयारा' जस्ता फिल्मले मात्र नेपालमा ५० करोडभन्दा बढी कमाएका छन् । नेपालीतर्फ 'परान', 'आ बाट आमा', 'जेरी अन टप' लगायतका फिल्मले पनि लोभलाग्दो कमाइ गरे । समग्रमा २०८२ साल व्यापारको हिसाबले सुखद् नै बनेको देखिन्छ ।

# 'सेतो धरती'बाट नाटक निर्माणमा रेखाको डेब्यू




काठमाडौं/अभिनेत्री रेखा थापाले निरन्तर फिल्म निर्माण गर्दै आइरहेकी छन् । अब उनी नाटक निर्माणमा पनि होमिएकी छन् । यही चैत २७ गते (शुक्रबार)देखि कान्तिपुर फिल्म एकेडेमी अन्तर्गतको कान्तिपुर थिएटरमा मञ्चन हुने नाटक 'सेतो धरती'मा उनी निर्माताको रूपमा जोडिएकी छन् । उनले यसै वर्ष 'मीरा'बाट नाटक अभिनयमा डेब्यू समेत गरेकी थिइन् ।

साहित्यकार अमर न्यौपानेको मदन पुरस्कार प्राप्त उपन्यास 'सेतो धरती'मा आधारित यो नाटकबाट अभिनेत्री बेनिशा हमालले रंगमञ्चमा डेब्यू गर्दैछिन् । करिब २० दिनदेखि उनी नाटकको वर्कसपमा व्यस्त छिन् । यसमा उनले तारा पात्रको भूमिकामा अभिनय गर्नेछिन् । यो नाटकका लागि उनले करिब २ महिनाको समय दिएकी छन् ।

सुन्दर धिताल निर्देशक रहेको यस नाटकमा बेनिशासहित सुहाना आचार्य, उमेश सुनाम, सजना थापा, सुस्मिता श्रेष्ठ, एड्रिन धमला, विना रोक्का, विनिता गिरी, अर्नव घिमिरे, सम्राट भुजेल लगायतका ३० भन्दा बढी कलाकारहरूको अभिनय रहने जनाइएको छ । 'सेतो धरती' उपन्यास बाल्यकालमै विधवा भएर जीवनभर व्यथित जीवन जिएकी तारा पात्रको कथामा आधारित छ ।

कान्तिपुर थिएटरले दोस्रो पटक उपन्यासमाथि नाटक तयार पारेको हो । यसअघि साहित्यकार पारिजातको उपन्यास 'शिरीषको फूल'माथि नाटक मञ्चन गरिएको थियो । थिएटरका सीइओ प्रकाश पुरीका अनुसार रंगमञ्च, फिल्म र साहित्यलाई जोड्ने उद्देश्यले लोकप्रिय पुस्तकहरूलाई नाटकको रूपमा प्रस्तुत गरिँदै आएको हो ।

# साढे ८ करोड डलर ऋण स्वीकार: 'ग्रेटर लुम्बिनी' परियोजना कार्यान्वयन चरणमा

बुटवल/सरकारले विश्व बैंकको साढे ८ करोड अमेरिकी डलर (करिब साढे १२ अर्ब रुपैयाँ) बराबरको ऋण स्वीकृत गर्ने निर्णय गरेसँगै 'ग्रेटर लुम्बिनी' परियोजना कार्यान्वयनमा जाने निश्चित भएको छ । मन्त्रिपरिषद्को आज (मंगलबार) बसेको बैठकका निर्णयहरूमध्ये पहिलो नम्बरमा यही ऋण स्वीकृत गर्ने निर्णय थियो ।

बुद्ध जन्मस्थल लुम्बिनीसँग सम्बन्धित रुपदेही, कपिलवस्तु र नवलपरासी जिल्ला समेटिने गरी 'ग्रेटर लुम्बिनी क्षेत्र विकास परियोजना' का लागि विश्व बैंकको गत मार्च १३ तारिखमा अमेरिकाको वासिङ्टन डीसीमा भएको बोर्ड बैठकले ऋण दिने निर्णय गरेको थियो ।

शहरी विकास मन्त्रालय र पर्यटन मन्त्रालयमार्फत अगाडि बढेको यो परियोजना कार्यान्वयन गर्न १२ अर्ब ३५ करोड रुपैयाँभन्दा बढी बजेट अनुमान गरिएको लुम्बिनी विकास कोषले जनाएको छ । पूर्वमा नवलपरासीको बर्दघाटदेखि पश्चिममा कपिलवस्तुको शिवराज नगरपालिकाको चन्द्रौटा र बीचको रुपन्देहीसहित तीन जिल्लाको भूभागलाई 'ग्रेटर लुम्बिनी एरिया डेभलपमेन्ट एरिया' (ग्ल्याड) परियोजनाका रूपमा विकास गर्ने लक्ष्यसहित केही वर्षअघि पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले ड्रिम प्रोजेक्टका रूपमा अगाडि सारेका थिए । उनको चुनावी प्रतिबद्धतामा पनि यो विषय समावेश थियो ।

परियोजनाका लागि स्रोत जुटाउन केही वर्षदेखि प्रक्रिया अघि बढे पनि झन्डै तुहिने अवस्थामा पुगेको तर बितेको एक वर्ष निकै मिहिनेतका साथ काम गरेर सफल भएको लुम्बिनी विकास कोषका वरिष्ठ निर्देशक ज्ञानिन राईले बताए । मन्त्रिपरिषद् बैठकले ऋण स्वीकार गरेपछि परियोजना कार्यान्वयनमा जाने उनले जानकारी दिए ।

ग्रेटर लुम्बिनी क्षेत्र विकास परियोजना शहरी विकास मन्त्रालयको नेतृत्वमा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, लुम्बिनी प्रदेश सरकार, सम्बन्धित स्थानीय तह र विश्व बैंकको सहयोगमा कार्यान्वयन हुने एक समग्र पर्यटन-पूर्वाधार तथा सम्पदा संरक्षण कार्यक्रम हो । आयोजनाको संयुक्त अध्ययन प्रतिवेदन तयार भएर अन्तर्राष्ट्रिय दातृ निकाय विश्व बैंकको मुख्यालयमा पुगेको थियो । यो परियोजनामा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा रुपन्देही, कपिलवस्तु र नवलपरासी पश्चिमका बुद्ध जन्मस्थलसँग सम्बन्धित पालिकाहरूले सहकार्य गरिरहेका छन् । यसको अध्ययनमा नेपाल सरकार र विश्व बैंकको संयुक्त टोली खटिएको थियो ।

कोषका उपाध्यक्ष ल्हारक्याल लामाका अनुसार अध्ययन प्रतिवेदनमा अन्तर्राष्ट्रिय दातृ निकाय सकारात्मक हुनु, रुपन्देही, कपिलवस्तु र नवलपरासीका सम्बन्धित पालिकाका प्रमुख र अगुवाहरू कोषसँग सहकार्यका लागि एकजुट हुनुले परियोजनाका लागि विश्व बैंक ऋण दिन तयार भएको हो । 'यो परियोजना कार्यान्वयनमा आउँदा वृहत्तर लुम्बिनी क्षेत्र वौद्धमार्गीका लागि मात्र नभई विश्वभरका पर्यटकका लागि नौलो र आकर्षक पर्यटकीय गन्तव्य बन्नेछ,' लामाले भने ।

तिलौराकोट प्राचीन शाक्य राज्यको पुरातात्विक भग्नावशेष हो । नवलपरासीको रामग्राममा रहेको स्तुप अर्को महत्वपूर्ण सम्पदास्थल हो । यसलाई बुद्धका मूल अवशेषहरू भएको एक मात्र अक्षुण्ण स्तुप मानिन्छ । ग्रेटर लुम्बिनी क्षेत्र विकास परियोजनाले यिनै मुख्य स्थानलाई केन्द्रमा राखेर काम गर्नेछ । केही वर्षअघि ग्रेटर लुम्बिनीसहित काठमाडौं उपत्यका भिजन-२०४० को पनि परियोजना तय भएको थियो । तर त्यो परियोजनामा उपत्यकाका १८ वटाभन्दा धेरै पालिकाबीच समन्वयको काममै अल्झिइरहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# ‘एकजिल्ला एक स्वस्थ्य सहर’ घोषणाको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ बागमती प्रदेशको एकमात्र उपमहा नगरपालिका हेटौंडा उपमहानगर स्वस्थ्य सहर बन्ने भएको छ ।

बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले प्रदेशका १३ वटै जिल्लामा ‘एकजिल्ला एक स्वस्थ्य सहर’ घोषणा गर्ने तयारी अनुसार प्रदेशको राजधानी रहेको हेटौंडालाई स्वस्थ्य सहर बनाउने कार्यको थालनी गरिएको हो । एक जिल्ला एक स्वस्थ सहर कार्यक्रमअन्तर्गत हेटौंडा उपमहानगरस्तरीय समिति बैठक तथा अभिमुखीकरण मंगलवार आयोजना गरिएको छ । जनस्वास्थ्य कार्यालय मकवानपुर र हेटौंडा उपमहानगरको संयुक्त आयोजनामा भएको अभिमुखीकरणमा जनस्वास्थ्य कार्यालय प्रमुख, कर्मचारीसहित हेटौंडा उपमहानगर प्रमुख, वडाध्यक्षहरु, कार्यपालिका सदस्य एवम् कर्मचारीलाई स्वस्थ्य, सुरक्षित र दिगो सहर निर्माणका लागि आवश्यक कार्ययोजना तयार गर्ने विषयमा छलफल तथा अभिमुखीकरण प्रदान गरिएको हो ।



कार्यक्रममा हेटौंडा उपमहानगरका स्वास्थ्य शाखाप्रमुख सूर्यप्रसाद तिवारी र जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख किरण श्रेष्ठले जिल्लाको स्वास्थ्य क्षेत्रको अवस्था र विश्व स्वास्थ्य संगठन बागमती प्रदेशका अधिकृत हरि भुसालले स्वस्थ्य सहर निर्माणका लागि आवश्यक कार्ययोजना बारेमा प्रस्तुतीकरण दिएका थिए । प्रदेशका सबै जिल्लामा स्वास्थ्यमैत्री वातावरण निर्माण गर्ने, स्वास्थ्यका अत्यावश्यक पूर्वाधार पुर्‍याउने, जिल्लाका नागरिकको स्वास्थ्य, सरसफाइ तथा जीवनस्तर अभिवृद्धि गर्ने, सहज स्वास्थ्य सेवाको पहुँच पुर्‍याउने गरी एक जिल्ला एक स्वस्थ्य सहर निर्माण अभियानलाई अगाडि बढाइएको छ ।

काठमाडौंको चन्द्रागिरी नगरपालिका, सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका र मकवानपुरको हेटौंडा उपमहानगरमा एक जिल्ला एक स्वस्थ्य सहर कार्यक्रम सुरु भएको छ । रसुवाको गोसाईकुण्डमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सुरु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । यसअघि काभ्रेपलाञ्चोकको धुलिखेल नगर पालिका नेपालको पहिलो ‘स्वस्थ्य सहर’ घोषित भइसकेको छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले धुलिखेललाई एसियाको दोस्रो स्तर र नेपालको पहिलो स्वस्थ्य सहरका रुपमा घोषणा गरेको थियो । सन् २०१६ मा चिनको संघाईमा भएको स्वस्थ्य सहरसम्बन्धी मेयर सम्मेलन पश्चात दिगो विकासका लागि मेयरहरु नै वास्तविक परिर्वतन ल्याउने शक्ति हुन् भन्ने प्रतिवद्धता सहित स्वस्थ्य सहरको अवधारणा अगाडि आएको हो ।

मानिसको स्वास्थ्यलाई स्वस्थ बनाउन स्वास्थ्यक्षेत्रको योगदान २० प्रतिशत मात्रै हुन्छ भने बाँकी ८० प्रतिशत अन्य क्षेत्र खानपान, घरायसी वातावरण, पर्यावरण, शिक्षा, रोजगारी र आर्थिक अवस्थाको प्रभाव रहने गरेको विश्व स्वास्थ्य संगठन प्रदेश अधिकृत भुसालको भनाई छ । प्रदेशमा करिव ७० प्रतिशत मानिस सहरमा बसोबास गर्दै आएका छन् भने पछिल्लो समय नसर्ने रोग पनि बढ्दै गएको तथ्यांक उनले प्रस्तुत गरे । कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापामगर, हेटौंडा उपमहानगरप्रमुख मीना लामा, प्रदेशसचिव डा.सुमित्रा गौतम, हेटौंडा उपमहानगर महाशाखा प्रमुख भीम तिमल्सिनालगायतले हेटौंडालाई स्वस्थ्य सहर बनाउने बारे धारणा राखेका थिए ।

# नेउवा महासंघ बागमतीको अध्यक्ष बेदबहादुर निर्वाचित



साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश अध्यक्षमा वेदबहादुर श्रेष्ठ निर्वाचित भएका छन् ।

मंगलबार हेटौंडामा भएको निर्वाचनमा दुर्गाराज श्रेष्ठलाई पराजित गर्दै वेदबहादुर अध्यक्ष निर्वाचित भएका हुन् । सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष वेदबहादुरले ६१ दशमलव ०५ प्रतिशत मतप्राप्त गरी निर्वाचित हुँदा दुर्गाराजले ३८ दशमलव ९५ प्रतिशत मतप्राप्त गरे । सोमबार महासंघको नवौं प्रदेशसभा तथा तेस्रो अधिवेशनको उद्घाटन भएको थियो । अधिवेशनबाट तेस्रो अध्यक्षको रुपमा वेदबहादुर निर्वाचित भएका हुन् । यसअघि संस्थापक अध्यक्ष दिनेश श्रेष्ठ थिए भने दोस्रो कार्यकालको अध्यक्ष दिलसुन्दर श्रेष्ठ थिए ।

मंगलबार भएको निर्वाचनमा वस्तुगत, एसोसिएट र जिल्ला/नगर गरी २ सय १७ मत खसेको थियो । उपाध्यक्षतर्फ जिल्ला/नगरमा मकवानपुर उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष कृष्णकुमार गुप्ता विजयी भए । गुप्ताले थाहानगरका कविराज खत्रीलाई पराजित गरे भने जिल्ला/नगरतर्फ ३१ मत खस्दा गुप्ताले २१ मत प्राप्त गरे । खत्रीले १० मत प्राप्त गरे । एसोसिएट उपाध्यक्षतर्फ कृष्णभक्त श्रेष्ठ सर्वसम्मत निर्वाचित भए । वस्तुगत उपाध्यक्षतर्फ प्रेमहरि मैनाली १४ मतसहित निर्वाचित हुँदा अर्का आकांक्षी राजकुमार दाहाल (६ मत) पराजित भए ।

कोषाध्यक्षमा धादिङ उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष रुद्रबहादुर खत्री ९७ मतसहित विजयी हुँदा जीवनकाजी माकजु श्रेष्ठ ६६ मतसहित पराजित भए । कार्यकारिणी सदस्यमा जिल्ला/नगर तर्फ कृष्णमुरारी न्यौपाने (भक्तपुर), जयप्रकाश श्रेष्ठ (रामेछाप), राजकुमार कँडेल (चितवन), राजन कार्की (काभ्रेपलाञ्चोक) र सनत थापा (दोलखा) सर्वसम्मत निर्वाचित भएका हुन् । एसोसिएटतर्फ कार्यकारिणी सदस्यमा उत्तम शर्मा ढकाल (मकवानपुर) र नविन्द्रदेव सिं निर्वाचित हुँदा कार्यकारिणी सदस्यमै वस्तुगततर्फ ज्योतिरत्न बज्राचार्य (मकवानपुर) र सदिश श्रेष्ठ निर्वाचित भए ।

# आठौं राष्ट्रिय बागमती गोल्डकप बैशाख १७ गतेदेखि



साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ मकवानपुरको बागमती गाउँपालिकामा सञ्चालन हुने आठौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिता आगामी बैशाखमा हुने भएको छ । मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै आयोजकले प्रतियोगिताबारे जानकारी गराएको हो ।

बागमती खेलकुद विकास समितिका संयोजक रहरसिं थिङले आगामी बैशाख १७ गतेदेखि २६ गतेसम्म प्रतियोगिता हुने बताए । प्रतियोगितामा आयोजकसहित १० टिम सहभागी हुने उनले बताए । बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानले हरेक वर्ष फागुनमा गोल्डकप आयोजना गर्दै आइरहेको भएपनि यो लिग प्रतियोगिताका कारण पछाडि सार्नुपरेको बताए । पालिकाले खेलक्षेत्रमा लगानी गरेर आफ्नै रंगशाला तयार पारेर एकेडमी सञ्चालन गर्न लागेको बताए । गोल्डकपका लागि पालिकाले ५० लाख बजेट विनियोजन गरेको अध्यक्ष घलानले बताए ।

प्रतियोगितामा मलेसियाको पेनाङ फुटबल क्लबसहित चर्च ब्वाईज युनाइटेड, मछिन्द्र क्लब, एपीएफ, त्रिभुवन आर्मी, फ्रेन्ड क्लब, प्लानिङ ब्वाईज युनाइटेड, बागमती युथ क्लब, जीतपुरसिमरा क्लब र आयोजक टिम सहभागी रहने छन् । प्रतियोगिता बागमती-४ स्थित सहिदस्मृति रंगशालामा खेलाइने छ । प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले ५ लाख पाउनेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ, विधागत उत्कृष्टले २५-२५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याच हुने खेलाडीले १०-१० हजार प्राप्त गर्नेछन् ।

पत्रकार सम्मेलनमा बागमती-३ का वडाध्यक्ष कमानसिं पाखिन, ४ नम्बरका वडाध्यक्ष दन्तलाल माझी, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तान, एन्फा मकवानपुरका वरिष्ठ उपाध्यक्ष अरुण बल, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, एन्फा मकवानपुरका सदस्य आलोक स्याङ्तन, खेलकुद विकास समितिका उपाध्यक्ष मुक्ति लामा र सदस्य आकाश लोप्चन लगायतको उपस्थिति रहेको थियो ।

# बागमती प्रदेशमा रेबिजविरुद्धको खोप अभाव

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ बागमती प्रदेशमा रेबिजविरुद्धको खोपको अभाव देखिएको छ । हेटौंडास्थित प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमै खोपको मौज्दात सकिएपछि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडा अस्पतालसहित प्रदेशका १३ जिल्लाका प्रादेशिक अस्पताल, स्वास्थ्य केन्द्रमा रेबिजविरुद्धको खोप उपलब्ध हुन सकेको छैन ।

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, खोप शाखाका ईश्वर महराकाअनुसार विगत दुईतीन महिनादेखि नै खोपको अभाव रहेको छ । सबैतिरबाट माग आउँने तर, स्टक नहुँदा उपलब्ध गराउन नसकिएको उनले बताए । संघीय स्वास्थ्य मन्त्रालयबाट बागमती प्रदेशका लागि चालु आर्थिक वर्षमा १५ हजार भाइल ‘एन्टिरेबिज भ्याक्सिन’ प्राप्त भएको थियो । गतवर्षको मौज्दात ४-५ सय भाइलसमेत जोडेर माघ महिनासम्म केही वितरण गरिए पनि त्यसपछि भने आपूर्ति ठप्प भएको केन्द्रले जनाएको छ ।

प्रदेशका लागि मासिक करिब १० हजार भाइल खोप आवश्यक पर्ने भएपनि मागअनुसार आपूर्ति हुन नसकेको आपूर्ति केन्द्रले जनाएको छ । खोपको खरिद प्रक्रिया संघीय सरकारले मात्रै गर्ने भएकाले प्रदेशले माग गर्दै आएपनि आपूर्ति नहुँदा समस्या भएको हो । सरकारी स्वास्थ्य संस्थामा खोप उपलब्ध नहुँदा बिरामी निजी क्लिनिक तथा अस्पतालबाट महँगो शुल्क तिरेर खोप लगाउन बाध्य छन् । आपूर्तीबाट प्राप्त खोप सकिएपछि हेटौंडा अस्पताल आफैंले यसअघि करिब १० लाख रुपैयाँ बराबरको खोप खरिद गरेको थियो भने अहिले पनि १० लाख रुपैयाँ बराबरको २ सय भाइल खोप खरीद प्रक्रिया सुरु गरिएको अस्पतालका प्रवक्ता उत्सव चौलागाईले बताए ।

खोप आउन केही दिन लाग्ने बताइएको छ । कुकुर तथा अन्य जनावरले टोकेपछि लगाइने रेबिजविरुद्धको खोप धेरै माग हुने भएकाले स्टक छिट्टै सकिने गरेको छ । पूर्णखोपका लागि तीनदेखि पाँचपटकसम्म लगाउनुपर्ने हुन्छ । निजीमा एकपटक खोप लगाउन करिब ६ सय ७५ रुपैयाँसम्म लाग्ने गरेको छ । खोपको अभावका कारण नि:शुल्क सेवा प्रभावित हुँदा बिरामी आर्थिक भार व्यहोर्न बाध्य भएका छन् । रेबिज घातक रोग भएकाले समयमै खोप नलगाइए ज्यानै जाने जोखिम रहने चिकित्सकहरुले चेतावनी दिएका छन् ।

# निजी अस्पताललाई मन्त्रालयको ताकेता

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले प्रदेशभित्र सञ्चालित सबै निजी तथा गैरसरकारी अस्पताललाई नि:शुल्क शैय्या सेवा उपलब्ध गराउन ताकेता गरेको छ ।

मन्त्रालयले प्रदेशका निजी तथा गैरसरकारी अस्पताललाई ताकेता गर्दै कुल शैय्याको १० प्रतिशतमा अनिवार्य रुपमा नि:शुल्क उपचार सेवा उपलब्ध गराउन निर्देशन दिएको हो । मन्त्रालयले सोमबार परिपत्र जारी गर्दै बागमती प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा (६) मा भएको कानुनी व्यवस्थालाई अक्षरश: पालना गर्न निर्देशन दिएको हो । ऐनमा हरेक अस्पतालले सामाजिक सेवा इकाई स्थापना गरी अस्पतालको कुल शैय्या संख्याको कम्तिमा १० प्रतिशत शैय्यामा बेवारिसे, अति गरिब, विपन्न, अपाङ्गता भएका र असहाय व्यक्तिलाई नि:शुल्क उपचार सेवा दिनुपर्ने प्रावधान छ ।




लक्षित वर्गलाई आवश्यक सेवा, औषधि तथा उपचार उपलब्ध गराउँदा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित अस्पताल स्वयम्ले व्यहोर्नुपर्नेछ । कानुनी प्रावधानको कार्यान्वयन अवस्था सन्तोषजनक नभएको र जनस्तरबाट विभिन्न गुनासा प्राप्त भएका मन्त्रालयले ताकेता गर्दै कानुनबमोजिमको नि:शुल्क सुविधा उपलब्ध गराउन निर्देशन गरेको हो । मन्त्रालयले तोकिएको प्रतिशतमा लक्षित वर्गलाई सेवा उपलब्ध गराउन र सोको कार्यान्वयन सम्बन्धी प्रगतिविवरण नियमितरुपमा मन्त्रालयमा पेश गर्न समेत निर्देशन दिएको छ ।

# हेलपकोडको समन्वय बैठक

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ मकवानपुरको मनहरी-३ र ४ वडाका ४ वटा विद्यालयमा काम गरिरहेको विकासका लागि सहयोग र सहकार्य (हेल्पकोड) नेपालले मंगलबार समन्वय बैठक गरेको छ ।

पशुपतिनाथ मावि व्यवस्थापन समितिका अध्यक्ष माधव गौतमको सभाध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका शिक्षा प्रमुख प्रदीप पराजुलीले हेल्पकोड नेपालले गाउँपालिकाको जिम्मेवारीमा सहकार्य गरिरहेको बताए । ४ वटा विद्यालयका करिव ३ सय बालबालिकालाई शैक्षिक सामग्री, विद्यालय पोशाक, न्यानो कपडा प्रदान गर्ने तथा अभिभावक शिक्षा, खानेपानी, सरसफाई, शिक्षक तालिम आदि क्षेत्रमा सहयोग गर्दै आएको हेल्पकोड नेपालले तेस्रो चरणको कार्यक्रम २०२६ डिसेम्बरमा समापन हुने जनाएको छ । हेल्पकोड नेपालका कार्यकारी निर्देशक भरत पाठकले विद्यालय र गाउँपालिका बीचमा संस्थाले हालसम्म गरेको गतिबिधिका बारेमा जानकारी गराएका थिए ।


मनहरी-४ स्थित पशुपतिनाथ मावि, सृजना प्रावि, चेपाङ प्रावि र मनहरी-३ को नवज्योति प्राविका प्रधानाध्यापक, फोकल शिक्षकको सहभागिता रहेको थियो । हेल्पकोड नेपालका अधिकृत अञ्जु कटवाल र फिल्ड अधिकृत विकास चेपाङले कार्यक्रमबाट बालबालिकालाई उपलब्ध गराइएको शैक्षिक सहयोगबारे जानकारी गराएका थिए । पशुपतिनाथ माविका प्रअ सपना लामा, पूर्वप्रअ भानुभक्त आचार्य, फोकल शिक्षक सुमित्रा ढुँगेल, कलावती गौतम, नवजोति प्राविका प्रअ कलावती अधिकारी, फोकल शिक्षक नबीन रेग्मी, चपाङ प्राविका प्रअ गोकर्ण तितुङ, फोकल शिक्षक लक्ष्मी बस्नेत, सृजना प्राविका प्रअ राजेन्द्र न्यौपानेलगायतको सहभागिता रहेको थियो ।





# आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना